## न्यायालयमा भारतीय हस्तक्षेप

काठमाडौं । भारतीय हस्तक्षेप नेपालको आन्तरिक राजनीतिमा मात्रै अब सीमित रहेन । न्यायिक कारबाहीमा समेत भारतीय दुताबासले हस्तक्षेप गरेर नेपाललाई एक स्वतन्त्र र सार्वभौम देश होइन, विहारकै विस्तारित भूभागको व्यवहार गरेको छ । अवैध डलरसहित पक्राउ परी अदालतको अनुमतिले थुनामा रहेका भारतीय नागरिक सञ्जय मिश्रलाई छुटाउन भारतीय दुताबासले परराष्ट्र र गृहमन्त्रालयलाई **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक २४, २०७४ साल असोज ६ गते शुक्रबार, नेपाल संवत् ११३७ (Sept. 23, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## आर्थिक वृद्धि ४ प्रतिशत मात्र

काठमाडौं । चालु आर्थिक वर्षमा ४ दशमलब ६ प्रतिशत मात्रै आर्थिक वृद्धि हुने विश्व बैंकले प्रक्षेपण गरेको छ । विश्व बैंकको वर्ल्ड इकोनोमिक प्रोस्पेक्टसले यसअघि आर्थिक वर्ष २०७४।७५ मा साढे ५ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो । यस वर्ष पनि गत वर्षकै हाराहारीमा अन्न उत्पादन हुने, पुनर्निर्माणका गतिविधि बढ्ने तथा पर्यटकको आगमन बढ्ने अनुमानका आधारमा साढे पाँच प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण पहिले गरिएको थियो । तर भूकम्प र नाकाबन्दीको धक्काबाट तग्रिँदै गरेको **बाँकी ८ पेजमा**

# मधेसी जनताद्वारा भारतीय एजेन्डा अस्वीकार

प्रदेश नं. २ को स्थानीय तह निर्वाचनको प्रारम्भिक मतपरिणामले सिमांकन, नागरिकता, भाषालगायतका भारतीय एजेन्डामा मधेसी जनताको कुनै समर्थन नरहेको देखाएको छ । मधेस प्रदेशका रुपमा लिइएको प्रदेश नं. २ मा भारतीय एजेन्डालाई मधेसी जनताको एजेन्डा भन्दै दुई वर्षदेखि आन्दोलन गर्दै आएको राष्ट्रिय जनता पार्टी अनपेक्षित रुपमा पछाडि देखिएको छ । एकाध नगर/गाउँपालिकामा विजयी भए पनि समग्र चुनावी परिणाम राजपाको खिलाफमा जाने प्रारम्भिक मतगणनाले संकेत गरेको छ । सार्वजनिक भइरहेको निर्वाचन नतिजाबाट आफूलाई मधेसी मसिहा ठान्ने महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्रराय यादव, अनिल झा, शरतसिंह भण्डारी र राजकिशोर यादव निराश देखिएका छन् । हामीले निर्वाचनको प्रचार गर्ने समय नै पाएनौं भन्दै मधेसी ठालुहरु लाज पचाउने जमर्को गरिरहेका छन् । मधेस आन्दोलनको रापले प्रदेश नं. २ सधैं तातिरहने उनीहरुको ठम्याई त्यतिबेला गलत सावित भएको छ । संविधान संशोधनको भारतीय मुख्य एजेन्डा जसलाई राजपाले बोकेर हिँडिरहेको छ, त्यो अलपत्र पर्दैछ । 'मर्निङ सोज दे डे' भनेझैं स्थानीय तह निर्वाचनको परिणामले प्रदेश र संघीय निर्वाचनको स्वरुपलाई समेत संकेत गरेको छ । प्रदेश र संघीय संसदको आगामी चुनावमा पनि राष्ट्रिय जनता पार्टी मधेसी जनताबाट बहिष्कृत र तिरस्कृत हुने देखिएको छ । प्रदेश २ को निर्वाचन परिणामले



नयाँदिल्लीलाई पनि झस्काएको छ । मधेसी नेताहरुमाथिको दिल्ली विश्वास अब डगमगाएको निश्चित छ । भारतीय दुताबासको लगानी प्रदेश २ मा डुबेपछि राजपाको विकल्पको खोजी सुरु हुने र दिल्लीको विश्वास कांग्रेसले जित्ने विश्लेषण गर्न थालिएको छ । मधेस विरोधीको रुपमा राजपाले प्रचार गरे पनि अग्रतामा एमाले दोस्रो पोजिसनमा रहेको छ । मधेसी जनताले मधेसका जमिन्दारहरुको करिया बन्न अस्वीकार गरेका छन् । कांग्रेस र एमालेप्रति मधेसी जनताले बढी भरोसा प्रकट गरिरहेका छन् । माओवादी केन्द्रको अस्तित्व मधेसमा नामेट भइनसकेको पनि देखिएको छ । राजपालाई उपेन्द्र यादवको फोरमले एक्लै टक्कर दिइरहेको छ । मधेसका ठेकेदारहरुलाई भने मधेसी जनताले ब्यालेटबाट सबक सिकाइदिएका छन् ।

नेपालको संविधान दिवसका अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुभकामना सन्देश पठाएपछि उनको नेतृत्वको केन्द्रीय सरकारले संविधानलाई समर्थन गरेको भ्रम धेरैमा परेको छ । तर भारतीय संस्थापन पक्षले नेपालको संविधानमा अझै 'रिजर्भेशन' राखेको छ । नयाँ संविधान स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएपछि कार्यान्वयनको तहमा प्रवेश गरेको छ । अब मंसिर १० र २१ मा क्रमशः प्रादेशिक र संघीय संसदको चुनाव सम्पन्न भएमा संविधानले लय समाउँछ र यो पूर्ण कार्यान्वयनको राजमार्गमा हिँड्न थाल्छ । २०७२ असोज ३ गते सार्वभौम संविधानसभाले संविधान जारी गर्नुपूर्व नै भारतीय संस्थापन पक्षले संविधान रोक्न नेपाललाई भरपुर दबाब दिएको थियो । तर मुख्य राजनीतिक दलहरु भारतीय दबाबका अघि झुकेनन् र संविधान जारी गर्न प्रतिबद्ध भए । दलहरुलाई विनाशकारी भूकम्पले नजिक ल्याएको थियो । फास्ट ट्र्याक विधिबाट संविधानसभाले संविधान जारी गऱ्यो । संविधान जारी गर्नुपूर्व जनमतका लागि संविधानको मस्यौदा जनतामाझ लगे जस्तो गरियो । यो केवल औपचारिकता मात्र थियो । जनताले दिएका सुझाव संविधानमा समेटिएनन् ।

जनताले संघीयताको विपक्षमा मतहरु जाहेर गरेका थिए । नेपाल हिन्दु राष्ट्र रहनुपर्ने सुझाव दिएका थिए । वेस्ट मिनिस्टर प्रणालीको विकल्पमा कार्यकारी राष्ट्रपति त्यो पनि प्रत्यक्ष निर्वाचित हुनुपर्ने माग गरेका थिए । तर शीर्ष दलहरुले जनरायको बिल्कुलै कदर गरेनन् । जनसुझाव र भारतीय दबाब दुवैको बर्खिलाप गर्दै संविधान ल्याइयो । संविधान ल्याएकै दिनदेखि मधेसवादी दलहरुले ब्लाकआउट गर्दै मधेस आन्दोलनलाई तीव्र पारे । नेपाललाई घुँडा टेकाउन भारतयले असोज ५ गतेदेखि अघोषित नाकाबन्दी लगायो । इनधनलगायत अत्यावश्यक वस्तुहरु नेपाल छिर्न नदिएर भारतले युद्धको भन्दा बढी पीडा दियो नेपालीलाई । भारतको स्वार्थ विपरीत संविधान आएका कारण उसले नाकाबन्दी लगायो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराईको समथर भूभागलाई एक मधेस एक प्रदेश बनाइनुपर्ने, अंगीकृत नागरिकता लिएका आप्रबासी भारतीयहरुले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रधानसेनापति, प्रहरी महानिरीक्षक बन्न पाउनुपर्ने, हिन्दी भाषालाई राष्ट्रभाषा बनाइनुपर्ने जस्ता घातक एजेन्डाहरु नयाँ संविधानमा नसमेऐका कारण भारतले नेपालको संविधानलाई समर्थन गरेन र अझै गरेको छैन । विश्वले नेपालको संविधानलाई समर्थन गरे पनि भारतले समर्थन नगरेसम्म त्यसको कुनै अर्थ नरहने भारतीय संस्थापन पक्षले हाक्काहाक्की भनेको छ । अझै भारत संविधान संशोधन गराउने जमर्को गरिरहेको छ ।

केपी ओली नेतृत्वको सरकारले पहिलो संविधान संशोधन गरेर मधेसवादी दलहरुका मुख्य मागलाई सम्बोधन गरे पनि भारत सन्तुष्ट भएन । ओली सरकार भारतभन्दा चीनसँग नजिकिएपछि भारतीय संस्थापन पक्षले कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई दिल्ली बोलाएर ओली सरकार ढाल्न गठजोड गऱ्यो । ओली सरकारले स्थानीय, प्रदेश **बाँकी ८ पेजमा**

## बालबालिकाहरुलाई ट्र्याकसुट




काठमाडौं । भक्तपुरस्थित नगरकोट आधारभूत विद्यालयले आफ्नो वार्षिक सामाजिक परीक्षण तथा विजयादशमीको शुभकामना आदानप्रदान कार्यक्रम साउन २ गते सम्पन्न गऱ्यो । सुरेन्द्र ढकाल प्रतिष्ठानका अध्यक्ष तथा यस साप्ताहिकका सम्पादक/प्रकाशक सुरेन्द्र ढकालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा अतिथिहरु विद्यालय निरीक्षक विमल निरौला तथा स्रोत व्यक्ति सावित्री बराल तथा बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापा रहेका थिए । विद्यालयका बालबालिका, अभिभावक तथा शिक्षकहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा प्रमुख अतिथि ढकालले आफ्नो प्रतिष्ठानको तर्फबाट रु ६० हजार मूल्यको ट्र्याकसुट बालबालिकाहरुलाई वितरण गर्नुभएको थियो ।

उक्त अवसरमा आफ्नो मन्तब्य राख्दै ढकालले शिक्षकहरुले कर्मचारी तथा दलका कायकर्ताको रुपमा नभई समाजसेवीको रुपमा काम गरी सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाको ग्यारेन्टी गर्नुपर्ने र अभिभावकहरुले पनि बेलाबखत विद्यालय गई विद्यालय राम्ररी संचालन भएको छ, छैन त्यसको जानकारी राख्नुपर्ने आवश्यकता रहेको बताउनु भयो । **बाँकी ८ पेजमा**

## देशभक्त शक्तिहरुको केन्द्र बन्दै माले

काठमाडौं । मुलुकमा रहेका राष्ट्रवादी, देशभक्त शक्तिहरु विभाजित भएको फाइदा उठाउँदै राज्य सत्तामा विदेशीको इसारामा चल्ने शक्तिहरुको हालिमुहाली भएको र नेपालको सार्वभौम सत्ता र नेपाली राष्ट्रियतामाथि नै गम्भीर खतरा उत्पन्न भइरहेको अवस्थामा नेकपा (माले) ले नयाँ शिराबाट देशभक्त शक्तिहरुलाई गोलबद्ध गर्दै अघि बढ्ने अभियान थालेको छ । कम्युनिस्ट आन्दोलनको लामो इतिहास बोकेर नेतृत्वदायी भूमिका निभाउँदै आउनुभएका नेकपा (माले) का महासचिव क. सीपी मैनालीले देशलाई साँच्चीकै माया गर्ने र मुलुकको समृद्धि र प्रगतिशील रुपान्तरणको चाहना राख्ने व्यक्ति, समूह तथा दलहरुलाई एकजुट भएर अघि बढ्न आह्वान गर्नुभएको छ । महासचिव मैनालीले नेकपा (माले), देशभक्त पर्यावरणीय



सामाजिक मोर्चा र नेकपा (मार्क्सवादी) बीच सफलतापूर्वक सम्पन्न भएको पार्टी एकताको घोषणासभामा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै एकताको आह्वान गर्नुभएको हो ।

उहाँले मुलुकमा विभिन्न खाले राजनीतिक परिवर्तन सम्पन्न भए तापनि ती परिवर्तनको अनुभूति जनताले गर्न नसकेको, जनताको जीवन स्तर उठ्न नसकेको र केही दलाल पुँजीपति र तिनका मुठ्ठीभर पृष्ठपोषकहरुको मात्र विकास भएकाले मुलुक र जनता गरिबीको दुष्चक्रमा फस्दै गएको बताउनुभयो । राष्ट्रिय पुँजी निर्माण हुन नसक्दा व्याप्त भएको बेरोजगारी समस्याका कारण राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्ने युवा शक्तिको विदेश पलायन भइरहेको प्रति चिन्ता प्रकट गर्दै क. मैनालीले अब क्रान्तिको मोडालिटी परिवर्तन गरी मुलुकलाई आर्थिक क्रान्तिको बाटोमा अघि बढाउनुपर्ने बताउनुभयो । दलाल पुँजीपति विरुद्धको संघर्ष अघि बढाउँदै देशको भलो गर्ने राष्ट्रिय पुँजी निर्माण गर्न सक्दा मात्र मुलुकभित्रै रोजगारीको ढोका खुल्ने, **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ**

## लुटमा सबै सांसद सहमत

**कृष्णराज दुलाल**

जनताले संविधान लेख्न निर्वाचित गराएर सभासदका रुपमा पठाएका प्रतिनिधिहरु नै रुपान्तरित संसदका सांसद भए । संविधान जारी भएपछि सभासदहरुको औचित्य समाप्त भयो । संविधानसभा नै व्यवस्थापिका संसदमा रुपान्तरण हुने वैधानिक व्यवस्थाले सभासदहरुले फेरि मज्जाले सांसदको जागिर खाने अवसर पाए । अब तिनको पदावधि २७ दिनसम्म मात्र बाँकी छ । यही अवधिमा सांसद विकास कोषबाट ५० लाख र संसदीय क्षेत्र विकास कोषबाट तीन करोड गरी तीन करोड ५० लाख रुपैयाँ झ्वाम पार्न सांसदहरु सहमत भएका छन् । वास्तवमा सांसद विकास कोष र संसदीय क्षेत्र विकास कोषको व्यवस्था सरकारले निर्वाचनलाई सिधै प्रभावित गर्ने उद्देश्यले गरेको हो । देउवा सरकारले अनैतिक, अमर्यादित र आचारसंहिता विपरीत कामका लागि यस्तो खर्च गर्नेसम्बन्धी निर्देशिका बदलेर सहज बनाएको हो । यो आर्थिक वर्षमा तीन महिना र चार दिन सांसदको हैसियतमा रहनेहरुलाई करोडौं खर्च गर्न दिइनु किमार्थ उचित होइन । पछिल्लो ६ महिना सांसदका रुपमा रहनेहरुले पनि यस्तो खर्च यही वर्ष गर्न खोज्नेछन् । आगामी झन्डै एक महिनामै औपचारिक रुपमा पदमा नरहने भएपछि अहिलेका सांसदले खर्च सही ढंगले भए नभएको अनुगमन गर्ने अधिकार पनि स्वतः गुमाउने छन् । त्यसप्रति उनीहरुले उत्तरदायित्व निभाउनुपर्ने छैन ।

सम्भवतः अब आउने नयाँ सरकारले पनि यही व्यवस्थामा टेकेर सांसदलाई खर्च दिनेछ । सरकारको यस्तो व्यवस्थालाई आधार बनाएर प्रदेश सभाका सदस्यले पनि प्रदेशको बजेटबाट आफ्नो तजबिजमा खर्च गर्ने व्यवस्था गर्नेछन् । यस्तो भयो भने मुलुकमा संस्था होइन व्यक्तिले समुदायले होइन नेताले योजना छनोट गर्ने र राज्यकोषबाट मनपरी खर्च गर्ने असीमित परम्परा कायम हुनेछ । यस्तो गरिनु लोकतान्त्रिक व्यवस्थाका कर र खर्चसम्बन्धी आधार भूत सिद्धान्त विपरीत छ ।

भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचित जनप्रतिनिधिहरुले आआफ्नो उत्तरदायित्व निर्वाह गरिरहेका छन् । स्थानीय तह आफैंमा स्वायत्त र अधिकारले लैस छ । सिंहदरबारको अधिकार गाउँसम्म विकेन्द्रित भएको छ । हिजोका दिनमा राज्यबाट थिचोमिचोमा परेका आदिवासी, दलित, जनजाति, मधेसी, मुस्लिम अल्पसंख्यकहरुको हित समृद्धिका लागि भनेर देशमा संघीयताको अभ्यास भइरहेको छ । प्रशासनिक विभाजन गरी सबैले राज्यका हरेक निकायमा सहज पहुँचका लागि हो संघीयता । तर संघीयता नै समस्याको समाधान भने होइन, विगतका समस्याका समाधानका लागि हो, संघीयता । वास्तवमा संघीयता प्रशासनिक आर्थिक संगठन निर्माण गर्ने प्रयोजनसँगै सांस्कृतिक पहिचानसँग पनि जोडिएको छ । आफ्नो क्षेत्रको विकास गर्ने जिम्मेवारी स्थानीय निकायले बहन गर्छ । कुन ठाउँमा सडक, नहर वा अन्य भौतिक पूर्वाधार निर्माण गर्ने त्यो काम स्थानीय निकायले नै गर्छ । यस्तो अवस्थामा सांसद कोष र संसदीय क्षेत्र विकास कोषको कुनै औचित्य नै छैन । यो आफैंमा संघीयताको मर्म विपरीत छ र यसलाई खारेज **बाँकी ८ पेजमा**

## हार्दिक शुभकामना

२०७४ सालको बडादसैंको उपलक्ष्यमा हाम्रा सम्पूर्ण पाठक, स्तम्भकार, विज्ञापनदाता, शुभचिन्तक तथा दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै हाम्रो आगामी अंक असोज २० गते प्रकाशित हुने जानकारी समेत गराउँछौं ।

**ग्रेटर नेपाल साप्ताहिक परिवार**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सम्पादन सहयोगी**
**घनश्याम ओली/गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल/धर्मराज पौडेल**

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
***Visit : www .youtube .com Surendra Dhakal Social Activist***

# संविधान औचित्यहीनताको कारण धराशायी हुन सक्छ



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

आधुनिक प्रशासनका पिता मानिने जर्मनीका माक्स भेवरले संविधानले औचित्यताको सिद्धान्त (Theory of Rationality) लाई अंगिकार गर्न सकेन भने त्यस संविधानको अन्त्य त्यही संविधानको कार्यान्वयन क्रममा हुन्छ भनेका छन् ।

एकातिर सरकारले आफ्ना जनतालाई दिने सेवा घरदैलोकै नजिक दिनुपर्दछ पनि भनिएको छ भने अर्कोतर्फ सरकारी संगठन र त्यसभित्र काम गर्ने कर्मचारीको संख्या राज्यले धान्न नसकिने गरी सिर्जना गर्नु हुँदैन पनि भनिएको छ । त्यसैकारण जर्मनीमा वडादेखि प्रदेश हुँदै केन्द्रसम्मका सरकारी संरचनाहरु आआफ्नो क्षेत्रमा संघीय सरकारकै प्रतिनिधि भई काम गर्दछन् । त्यसैले गर्दा जनताले तिर्नुपर्ने सम्पूर्ण करहरु, जनताले सरकारबाट प्राप्त गर्ने सबै सुविधाहरु वडास्तरमा नै जनताले प्राप्त गर्दछन् । वडा बाहिर सरकारी सेवा लिन जनता दौडन पर्दैन । यसैकारण जर्मनीको संघीयता विश्वमा एक मोडेल बन्न सक्यो । नेपालको संविधानले देशलाई ७ प्रदेश, ७७ जिल्ला र सात सयभन्दा बढी नगर र गाउँकार्यपालिकामा विभाजन गरेको छ । सबै तहका निर्वाचित तथा मनोनित पदाधिकारीहरुले वैतनिक तथा अन्य सुविधा प्राप्त गर्ने हुँदा उनीहरुको खर्चलाई राज्यको आफ्नो कमाइले धान्न सक्छ कि सक्तैन भन्ने कुरा नै मुख्य हो । जर्मनी जस्तो विकसित देशमा नै पनि यही औचित्यताको सिद्धान्तलाई आधार बनाउँदै सरकारी संगठन र त्यसभित्र काम गर्ने कर्मचारीहरुको संख्या नियमित रुपमा घटाउँदै लग्ने गरेको कारण सरकारी संगठन जस्तो सक्षम र उच्च मनोवल भएको निजीस्तरका संगठनहरु पनि हुँदैनन् । हरेक कर्मचारीलाई हप्ताको ३५ घण्टा काम हुनैपर्ने र सो नभएमा दुई वा तीन पदहरुलाई गाभी एकै पद बनाउनुपर्ने कानुनी बाध्यता र जुन संगठनमा छिर्‍यो त्यही संगठनबाट निवृत हुनुपर्ने बाध्यकारी व्यवस्थाको कारण जर्मनीको प्रशासन पेसागत रुपबाट दक्ष मानिन्छ । तर हामीकहाँ त यस्तो छैन । नेपालको प्रशासनमा काम गर्ने कर्मचारीहरुलाई हप्ताको ३६ घन्टा काम पुर्‍याउने हो भने अहिले भएको संगठन र कर्मचारीको संख्यामा ६० प्रतिशतले कटौति गर्नुपर्ने हुन्छ । छ त्यो गर्ने हिम्मत यो संविधान अनुसार निर्वाचित हुने सरकारको ? छैन । छैन मात्रै होइन हुनै सक्तैन भन्ने कुरा संविधानको भावना विपरित बन्ने जम्बो सरकार र अनुत्पादक सरकारी संगठनहरुले देखाइसकेका छन । नानीदेखि लागेको बानी परिवर्तन गर्ने छाँट राजनीतिक दलहरुले नदेखाएको खण्डमा र भ्रष्टाचारका मुद्दा कर्मचारीहरुको थाप्लोमा मात्रै थोपरी आफू चोखो हुने राजनीतिक प्रवृत्तिले गर्दा संविधानको कार्यान्वयन गर्दै जाँदा देश टाटपल्टिने अवस्थामा पुग्ने निश्चित छ । तसर्थ यस संविधानलाई कार्यान्वयन गर्ने हो भने निम्नानुसारको कार्य तुरुन्त गर्नु पर्दछ ।

**नेपालको प्रशासनमा काम गर्ने कर्मचारीहरूलाई हप्ताको ३६ घन्टा काम पुर्‍याउने हो भने अहिले भएको संगठन र कर्मचारीको संख्यामा ६० प्रतिशतले कटौति गर्नुपर्ने हुन्छ ।**

१) उपराष्ट्रपतिको काम राज्य सभाको अध्यक्षले गर्ने

२) प्रदेशको संख्या चारमा सीमित गर्ने

३) संघको प्रशासन बेग्लै संघीय जिल्लाबाट गर्ने

४) प्रदेशका मुख्य मन्त्री नै प्रदेशमा संघीय सरकारको प्रतिनिधि हुने बेग्लै गभर्नर नराख्ने ।

५) मुख्य मन्त्रीको शपथग्रहण उच्च अदालतको न्यायाधीशले गराउने

६) जिल्लामा रहेको जिल्ला कार्यालयहरुलाई जिल्ला समन्वय समितिको कार्यालयमा रुपान्तरण गर्ने

७) सरकारले जनतालाई दिने सबै सेवा वडास्तरमा नै एक झ्याल प्रणालीबाट गराउने । त्यसैगरी सरकारले जनताबाट उठाउने सबै कर वडास्तरको एकै झ्यालबाट लिने । यी माथि भनिएका कार्य भएछ भने कुन्नी अन्यथा यो संविधान औचित्यहीनताको कारण धराशायी हुन सक्छ ।

## सम्पादकीय

# लोकतन्त्रको उपहास

२०७२ साल असोज ३ गते संविधानसभाद्वारा निर्मित संविधान जारी भएको थियो । संविधान जारी हुँदा ९० प्रतिशत जनप्रतिनिधिको अनुमोदन रहेको थियो भने १० प्रतिशतले संविधानको समर्थन गरेका थिएनन् । यही १० प्रतिशतको झिनो स्वरले संविधान घोषणाको दिनलाई कालो दिनको रूपमा मनायो भने बाँकीले उत्सवको रूपमा लिए । सहमतिको दस्तावेजका रूपमा रहेको संविधान छुट्टाछुट्टै विचार समूहलाई एक सूत्रमा बाँधी मुलुकको मूल प्रवाहमा हिँडाउने प्रमुख औजार भए तापनि यसको कार्यान्वयनको बाटोमा थुप्रै तगाराहरू तेर्सिन पुगे । अहिले क्रमशः ती अवरोधहरू पन्सिँदै गएका छन् । संविधान कार्यान्वयनको महत्वपूर्ण खुड्किलाको रूपमा रहेको स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ भने प्रदेश सभा र सघीय संसदको निर्वाचनको तिथि तोकिएको छ । संविधान कार्यान्वयनले क्रमशः गति लिइरहेको अवस्थामा यस वर्षको संविधान दिवस सम्पन्न भएको छ । विगतका संविधानहरू असफल भएका तीतो यथार्थतालाई स्मरण गर्दै वर्तमान संविधानलाई सफल बनाएर देश र जनताको सर्वोत्तम हित अनि शान्ति र समृद्धिको बाटोमा लागेमा मात्र संविधान दिवस सार्थक बनेको ठहरिनेछ ।

नेपाली जनताले लोकतन्त्रको लागि ठूलो बलिदानीपूर्ण संघर्ष गरेका छन् । २००७ को राणा शाहीविरूद्धको आन्दोलन होस अथवा त्यसपछिका निरंकुश राजतन्त्रविरूद्ध भएका पटक पटकका आन्दोलन किन नहुन् जनताले रगतको खोलो बगाएका छन् । प्राणको बाजी लगाएका छन् । २०४६ को पहिलो जनआन्दोलन, २०६२/६३ को ऐतिहासिक जनआन्दोलन र माओवादीले गरेको जनयुद्ध लगायतका संघर्षको परिणामस्वरूप २४० वर्षको इतिहास बोकेको राजतन्त्र समाप्त भएर मुलुक गणतन्त्रमा प्रवेश गर्‍यो । सम्पूर्ण आन्दोलनका उपलब्धि र गणतन्त्रलाई संस्थागत गर्न संविधान निर्माण गर्ने क्रममा मुलुकभित्रका केही शक्तिहरूलाई उचालेर छिमेकी भारतले गरेको षड्यन्त्रको चरम रूप नेपालमाथि लगाएको नाकाबन्दीमा देखिएको थियो । विदेशीको बुइँ चढेर राजनीतिको सागर तर्न तम्सनेहरू समेत अहिले क्रमशः मत्थर भएर गइरहेको अवस्था छ ।

संविधान देशको मूल कानुन भए तापनि यसको पालना गर्ने, गराउने सरकार र राज्यका संयन्त्रहरू निष्पक्ष नभएसम्म जनताले आफ्नोपनको अनुभूति गर्न सक्दैनन् । विश्वकै सर्वोत्कृष्ट संविधानको उपमा दिएको २०४७ सालको संविधानले समेत जनतामा परिवर्तनको अनुभूति दिन नसकेको तर त्यसकै आडमा केही मुठ्ठीभरका नेता र कर्मचारीहरूको रातारात कायापलट भएपछि अर्को विद्रोहको जन्म भएको थियो । अहिले पनि नेताहरूमा चेत फिरेको छैन । चौतर्फी भ्रष्टाचार, राष्ट्रिय ढिकुटीको केही व्यक्तिले गरेको चरम दोहन, जम्बो संसद, जम्बो मन्त्रिमण्डल निर्माण गरेर मुलुक खोक्रो पार्ने षड्यन्त्र, विकृति, विसंगति, युवा बेरोजगारी जस्ता कुराले लोकतन्त्रको खिल्ली उडाउने काम भएको छ । कानुनी राज्यको अवधारणाअनुरूप सबैलाई समान व्यवहार र गरिब र पिछडिएका जनताको अन्य नागरिकसरहको बाँच्न पाउने अधिकारको सम्मान भएमा मात्र नयाँ संविधानले ल्याएको परिवर्तन सार्थक ठहरिन्छ । अन्यथा यो संविधान पनि आम जनताका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मतको खतरा हुन सक्ने सम्भावना कायमै रहनेछ ।

# केही सकारात्मक केही नकारात्मक



**जगदीश लामिछाने**
रौतहट, पौराई

एकताका कृष्णबहादुर महरा उपप्रधान तथा परराष्ट्र मन्त्रीकै हैसियतमा मधेसीहरुको मागको दृष्टिकोणबाट संविधान संशोधन हुनुपर्छ भन्नुहुन्थ्यो । किनभने सत्ता गठबन्धन नेपाली कांग्रेसका प्रमुखको बोलीको हो मा हो मिलाउनैपर्ने भएर होला ।

अहिले भारत भ्रमणमा हाम्रा प्रधानमन्त्रीले यस्तै दोहोरो आश्वासन दिएको दोष लागेकै छ । त्यतिमात्रै हो र भर्खरै भारतका चीन मामिला विज्ञका रुपमा परिचित जयदेव रानाडेको अन्नपूर्णकर्मीसँगको इमेल कुराकानी ०७४ असोज १ गतेको सो पत्रिकामा प्रकाशित कुरो हेर्दा भारतमा नेपालले अनुचित लाभ लिएकै भ्रम रहेछ । ०७२ को नाकाबन्दी तथा १९५० कै भारतसँगका सन्धि र नेपाल चीन सम्बन्धमा भारत खुसी छैन तैपनि १९५० कै सन्धिको फाइदा भारतले लिन्छ । दोक्लाममा भारतको दोहोरो मापदण्ड प्रस्ट रुपमै देखियो । सार्वभौम भुटानको पक्ष भारतले लिएको भन्ने भयो । यसमा हामी तटस्थ रहँदा ठीक नै भएको छ । यस्तो छिमेकी र आफू दोधारमा कतिसम्म व्यवहार गर्न सक्छौं पाठकैको मर्जी ।

यो देशको भ्रष्टाचारकै कुरा गर्ने हो भने पनि आयल निगमका कार्यकारी निर्देशकले जिल्ला जिल्लामा किनेका जग्गामा भागभुरो खाने भर्खरै कार्यमुक्त गोपालबहादुर खड्का मात्र हैन भन्दा भ्रष्टाचारमा हालीमुहाली गर्नेहरु पनि छन् भनी मुख्य अधिकार प्राप्त व्यक्ति उम्कन सक्छ भन्नु पनि भएन । किनभने डाडुले सुविधा बाँडेपछि डाडु हातमा लिनेकै महत्व हुन्छ हैन र ? यस्तै दोधारमै बसेको भए श्री ५ महेन्द्र तथा वीरेन्द्रहरुले समयमुखी काम गर्न नै सक्ने थिएनन् ।

अहिले पश्चिमा तथा भारतीय आइएनजिओहरुमा नेपालले कारबाही नै नगरेपछि भविष्यमा छिमेकी चीनलाई पनि यस्तै आइएनजिओको बाटो खोलिदिएको जस्तो हुने नै भयो । नेपालमा धर्म परिवर्तनकारीहरु पनि जुर्मुराउने बाटो खुला नै हुने भयो । यसबाट एक होइन सयौं समस्या आउने नै भए । तराईका पर्सादेखि सप्तरी आठै जिल्लामा ७३ प्रतिशत मतदान भयो । अहिले नै रोल्पामा माओवादीले जितेको क्षेत्रमा प्रचण्डले नियम नीति विपरीत काम पनि गर्नुपर्छ जसरी भाषण गर्दा र काठमाडौंको फोहोर उठ्नुपर्ने जस्तो प्रमुख काममा एमालेबाट विजयी विद्यासुन्दर शाक्यले जनताबाट पाएको खप्की पनि हेर्नैपर्ने भएको छ । हामीले स्थानीय तह जित्नेहरुलाई मार्गदर्शनको नीति कानुनमा हिँडाउन सकेनौं भने भोलि यही कुरा बेकारको २०५२ झैं भएर १६००० को नेपाली जनता मर्नुपर्ने विद्रोह उठ्दैन भन्नु हुँदैन । यसमा विभिन्न देशहरु मुछिए पनि बल्ल तंग्रन लागेको नेपाल फेरि भुमरीमा फस्नु छैन भन्नैपर्छ ।

काठमाडौं उपत्यकामा ठाउँठाउँ थुप्रिएको फोहोर हेर्दा फलाम आदि ठोस पदार्थभन्दा कैयौं गुणा बढी प्लास्टिक नै देखिन्छ । ती प्लास्टिक कुनै खोच गैह्रामा फाल्न पनि देशभरका नगरपालिका विशेष गरेर तराईसम्म ठाउँमा हम्मे नै पर्ने भइसकेको छ । झट्टपट्ट प्लास्टिक गलाउने अथवा दोहोरो सामान बनाउने उद्योग खोल्न नसके पनि ठाउँठाउँको प्लास्टिक र कुहिने कुरा छुट्याएर जम्मा मात्र गर्ने उद्योग खोले पनि भयो । यस्तो उद्योग खोल्न नसक्नु यो देशका उद्योगी र पुँजीपतिको लागि लाजमर्दो विषय हो । यस्तो उद्योग प्रत्येक नगरपालिकामा खोल्नैपर्ने भएको छ । महानगर तथा उपमहानगर क्षेत्रकै छेउछाउमा यस्ता उद्योग खोलिए ठाउँको वचत नै हुन्छ । कुहिएर गलेर जाने कुराका लागि जमिन थोरै नै भए पनि पुग्ला ।

भ्रष्टाचारमा मूल जरो समाइ कारबाही गर्दा आफू र आफ्ना मान्छे पर्लान् कि भन्ने डर भएर मात्र कारबाही नहुने गरेको हो । यसै भएर त यस्तै भ्रष्टहरु समाइ विदेशी छिरेर नेपालमा विभिन्न समस्या उठ्ने गरेको हो । यसै कारण अन्तर्राष्ट्रिय संस्थाहरु बिना नीति र निर्देशन स्वदेशमा खोल्न दिनु भनेको आफैं र आफ्नालाई आपत्ति निम्त्याउनु नै हो । यसैबाट धर्म परिवर्तनकर्ता आदिहरु आएर अनेक जामा मानवता आदि लगाई स्वदेशको परिचय नै धरापमा पार्न लागेका छन् । यसै दुलाबाट चिनियाँहरु पनि छिरेपछि पछुताउ मात्र गरेर काम लाग्ने छैन ।

अब स्थानीय निकाय चुनाव २ नं. मा पनि सकिएकाले संसद रात दिन बस्नुपर्छ भने पनि बसेर मार्गनिर्देशिका दिन ढिला भइसकेको छ । विभिन्न राजनीतिक दलबाट आउनेहरुले आफ्ना दलगत सिद्धान्त लागू गर्न दिने हो भने देशमा दोस्रो आपत्ति आउन बेर हुने छैन । स्थानीय निकायहरु उद्योगी, उत्पादनमुखी र बेरोजगार घटाउने उपायमा लगाउन पनि ढिला गर्नु हुँदैन । तैपनि यही दुलाबाट जनतालाई दुःख दिने कुनै पनि स्वदेशी तथा विदेशी छिराइन्छ कि भनी स्थानीय, क्षेत्रीय र केन्द्रीय प्रतिनिधि चुनिएकै भए पनि तिनलाई फिर्ता गर्ने जनअधिकार यही ६०१ सांसदले निर्णय गरेर मात्र आफू चोखो हुनेछ । यो निर्णय हुनैपर्छ ।

**अबको क्रान्ति : पर्यावरणीय**

**सुदर्शन प्रधान**

# सार्क र पर्यावरणीय सङ्कटको अन्तर्वस्तु

बुधबारदेखि भुटानको राजधानी थिम्पुमा सुरू हुने 'दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन' (सार्क) को सोह्रौं सम्मेलनमा खास गरी विश्वको जलवायु परिवर्तन र त्यसले गरिब राष्ट्रहरूमा परेको असरबारे विशेष छलफल हुने बताइएको छ । सम्मेलनको पूर्वसन्ध्यामा यस आलेखमा जलवायु परिवर्तन र सार्क मुलुकहरूले ध्यान दिनुपर्ने विषयबारे केही चर्चा गरौं ।

सिसाको बन्द घरभित्र केही बोटबिरूवा लगाई त्यसलाई आवश्यक पानी, माटो, खनिजहरू उपलब्ध गराउँदा पनि बिरूवा मर्दै जान्छन् । त्यसको मूल कारण सूर्यको प्रकाश र ताप हो । किनकि सूर्यको ताप सिसाभित्र छिर्छ तर बाहिर वायुमण्डलमा फर्कन सक्तैन र तापक्रम वृद्धिले बिरूवा नष्ट हुन्छन् । यसलाई हरितगृह प्रभाव भनिन्छ । आज पृथ्वीको स्थिति पनि त्यस्तै हुँदै छ । मानिसले प्रयोग गरिरहेको इन्धन भनौं पेट्रोलियम, कोइला, दाउरा, बिजुली, वनजङ्गलको विनाश, जलचरहरूको सिकार र जल प्रदूषण अनि अनेकौं घातक रसायन उत्सर्जन हुने ग्याँसको पत्रबाट सूर्यबाट आउने ताप र प्रकाश पूर्ण रूपले आइरहेछ तर पृथ्वीमा आएको ताप अन्तरिक्षमा फर्कन सकिरहेको छैन । यसलाई सिसारूपी ग्याँसले रोकिरहेछ । तिनै कारणहरूले पृथ्वीको तापक्रम हरेक वर्ष बढिरहेछ ।

पृथ्वीको तापक्रम बढ्नाले त्यसको पहिलो असर अन्टार्टिका, साइबेरिया, ग्रिनल्यान्ड, अलास्काका हिमखण्ड पग्लन थालेका छन् र हिन्दूकुश क्षेत्रका हिमालको हिउँ पनि पग्लन थालेको छ । यसले संसारभर मौसममा परिवर्तन ल्याइरहेछ । सुक्खा, अतिवृष्टि, अनावृष्टि भएर ठूलो आघात पुगिरहेछ । हिउँ पग्लिनाले समुद्रको सतह बढ्दै छ । यसले समुद्री तटीय भूभाग जलमग्न हुन थालिसकेका छन् । वैज्ञानिकहरू भन्छन्– यस्तै हो भने चाँडै पृथ्वीको ध्रुवीय क्षेत्रको हिउँ सबै पग्लिएर समुद्रको सतह ५०–६० मिटरसम्म माथि उठ्नेछ । यसले पृथ्वीकै स्वरूपमा ठूलो परिवर्तन ल्याउनेछ । समुद्रको सतह केवल १० मिटर माथि आउँदा पनि संसारका न्युयोर्क, वासिङ्टन, लन्डन, साङ्घाइ, टोकियो, मुम्बइ, कोलकाता, सिड्नी, रियो द जेनेरियोजस्ता हजारौं सहर समुद्रमुनि पुग्नेछन् र अरबौं मानिसहरूको मृत्यु हुनेछ ।

पृथ्वीको तापक्रम वृद्धि गरी सिङ्गो संसारको अस्तित्वमाथि प्रश्नचिह्न लगाउने को होला ? त्यो कहिलेदेखि सुरू भयो होला ? त्यसमा मुख्य दोषी को होला ? सहायक दोषीहरू कोको होलान् ? हामी स्वयम् त्यसमा कति दोषी छौं ? समस्या समाधानका लागि यी पक्षहरूमा सार्क सम्मेलनमा छलफल हुनुपर्छ । अनि मात्र सार्क राष्ट्र मात्र होइन, सिङ्गो विश्वले वातावरण संरक्षणमा सही नीति अपनाउन सक्छ ।

जब युरोपमा औद्योगिक क्रान्ति भयो तब त्यहाँ हजारौं कलकारखाना निर्माण हुन थाले । मेसिनका लागि इन्धन, रसायन र रङ्ग पनि प्रचुर प्रयोगमा आए । बजारमा सयौं प्रकारका मालसामान असीमित रूपले आउन थाले । खानाका परिकार र प्याकिङ तथा सिलबन्दी तयारी खाना तथा पेय पदार्थहरू रेसमी, सुती, उनी कपडा, अझ कच्चा तेलबाट निकालिएका रेसाबाट बन्ने कपडाहरू, आधुनिक घरआवास, हजारौं प्रकारका पुस्तक पत्रपत्रिका, रासायनिक औषधि, मनोरञ्जनका असीमित साधन, यातायातका थुप्रै वाहन उत्पादन हुन थाले । यी वस्तु उत्पादन गर्दा पानी, जमिन र आकाशमा व्यापक प्रदूषण हुन्छ ।

युद्ध सामग्री निर्माणमा पनि कच्चा पदार्थ, इन्धन र रसायनको उच्च प्रयोग हुन्छ । राइफल, मेसिनगन, ट्याङ्क, लडाकु विमान, क्षेप्यास्त्रहरूको निर्माण हुँदा त्यसले वातावरणमा जति धेरै विनाश गर्छ, त्यसको प्रयोगले प्रकृतिलाई झनै कयौं गुणा अधिक आघात तुल्याउँछ । सहरबजारका भवन, पुलपुलेसा, कलकारखाना, स्कुल, अस्पतालहरूका ध्वंसलगायत मानवजातिको संहार पनि युद्धले नै गर्छ । विश्वभरका २१२ वटा राष्ट्रमा भएको शस्त्रास्त्रको बारूदी शक्ति विश्वका हरेक एक जना मान्छेलाई ३ टन पुग्नेजति उत्पादन भएको छ । जबकि १० ग्राम बारूदको गोलीले नै एक जना मान्छेको मृत्यु हुन्छ । अनि उनीहरू सबैसँग रहेका आणविक शक्तिले यस्तो एउटा पृथ्वीलाई मात्र होइन, ७५ वटा अरू पृथ्वीहरू ध्वस्त पार्ने क्षमता राख्छन् । कस्तो आश्चर्य ? संसारमा शान्ति र सुव्यवस्था स्थापना गर्ने मूल जिम्मेवारी पाएका राष्ट्रहरूसँगै भयानक हातहतियार छन् ?

तेस्रो कोपनहेगन सम्मेलनमा निस्कनुअगि नेपालका प्रधानमन्त्री माधवकुमार नेपाल मन्त्रिमण्डलको बैठक सगरमाथा आधार शिविरमा बसेको थियो । हरितगृह प्रभावले नेपालका हिमाल पनि पग्लिरहेछन्, त्यसको संरक्षण गर्न विश्वले ध्यान दिनुपर्छ भनौं नेपाललाई आर्थिक सहयोग गर्नुपर्छ भन्ने उनीहरूको दाबी थियो । अनि गौरीशङ्कर आरक्षण क्षेत्र भनेर दोलखा जिल्लाका हिमाली तथा पहाडी भेकको वन त्यसभित्र पारिएको घोषणा पनि गरियो ।

नेपालको हिमाल हिन्दूकुश पर्वतमालाभित्र पर्छ । यो अफगानिस्तान, पाकिस्तान, भारतको जम्बु-कस्मिर, चीनको तिब्बत, भुटान, बर्मा, बङ्गलादेश, थाइल्यान्डसम्म ३,५०० कि.मि. मा फैलिएको छ । यो सिङ्गो भेकका हिमाल पग्लेर हिमरेखाहरू माथिमाथि सर्दै छन् । त्यसमा विश्वव्यापी हरितगृह प्रभावको जति भूमिका छ, त्योभन्दा नेपालका हिमाल पग्लनुमा यहाँको हिमाल, पहाड र तराईका वनजङ्गलको विनाश र त्यहाँका वन्यजन्तु र पक्षीहरूको सिकार अधिक जिम्मेवार छ । सरकारले अनुसन्धान गरी यथार्थ प्रतिवेदन बाहिर ल्याओस् ।


नेपालका काठमाडौं, पोखरा, नारायणगढ, नेपालगन्ज, वीरगन्ज, विराटनगर, धरान, विर्तामोडलगायत सहरबजारमा बढिरहेका अन्धाधुन्ध कङ्क्रिटका भवन र औद्योगिक विकासलाई पनि मध्यनजर राखियोस् । हरितगृह प्रभावमा यिनको भूमिका कति छ ? काठमाडौं उपत्यकाको बाग्मती, पोखराको फेवाताल, सेती नदीलगायत मुलुकका सबै नदी र तालमा भइरहेको मानवीय प्रदूषणको परिणाम र त्यसको क्षमतामा आइरहेको ह्रासमा पनि हरितगृह प्रभावको भूमिका केकति छ ? राणाकालदेखि पञ्चायतकाल, बहुदलीयकाल र आजको गणतन्त्रसम्म कर्मचारी, सेना र प्रहरीहरूलाई तलबभत्ता बाँड्न पनि विदेशीको मुख ताक्ने राजनेताहरूले फेरि 'हिमाल पग्लियो, यसलाई बचाउन दान चाहियो' भनेर कोलाहल मच्चाउनुभन्दा आफ्नो देशको वातावरण तथा वनजङ्गल र वन्यजीवजन्तुहरूको संरक्षण गर्न विशेष नीतिहरू बनाई कार्यान्वयनमा जोड दिँदा उत्पादनमूलक होला । अरूलाई दोष दिएर मात्र हुँदैन, प्रकृतिद्रोही दर्शनबाट निर्देशित पार्टी र शासकहरूबाट प्रकृतिको संरक्षण होला भनेर कल्पना गर्नु व्यर्थ छ । बरू कुनै पनि ठाउँको प्रकृति भनौं वनजङ्गल, वन्यजीवजन्तु र पक्षीहरूको संरक्षण गर्ने जिम्मा र अधिकार त्यहींका जनतालाई दिई आवश्यक नीतिनिर्देशन, प्रोत्साहन, प्रयास र अनुगमन मात्र सरकारले गर्नुपर्छ तर त्यसका लागि पर्यावरण क्रान्ति अपरिहार्य छ । के सार्कको सोह्रौं सम्मेलनले पर्यावरण क्रान्तिको बिगुल फुक्न सक्ला ?

# मैले देखेको चौधौं विश्व सम्पदा : पेरिसको नोत्रे दाम

सुरेन्द्र ढकाल



नोत्रेदामभित्र कुमारी मेरीको बच्चा क्राइस्टलाई बोकेको मूर्ति




नोत्रेदामको मुख्य द्वारमा पर्यटकहरू




नोत्रेदामको पश्चिमी मोहडा



नोत्रेदामको पूर्वी मोहडा



नोत्रेदामभित्र सिसाका झ्यालमा गरिएको कलाकृति



नोत्रेदामभित्रका घण्टहरू



नोत्रेदाममा राखिएको १३ टन वजन भएको घण्ट



नोत्रेदामको टुप्पामा रहेको गार्गोले र त्यहाँबाट देखिने पेरिस सहर

पेरिसको पहिलो दिन आइफिल टावरमा, दोस्रो दिनभर लुभ्र म्युजियममा, तेस्रो दिनभर ला कन्कर्डमा बिताएपछि चौथो दिन म बिहान खाना खाएर पेरिसस्थित विश्व प्रसिद्ध विश्व सम्पदा नोत्रे दाम हेर्न पुगेँ । पेरिसमा चार दिन घुमुन्जेल हातमा सहरको नक्सा लिएर म सबै ठाउँमा पैदलै पुग्थेँ किनकी त्यसो गर्दा सहर पनि हेर्न पाइन्थ्यो । त्यस दिन पनि नेपाली राजदुतावास ला मुयतबाट खाना खाएर सोझिएँ म नोत्रे दामतिर । नोत्रे दामको अर्थ नेपालीमा हाम्री नारी भन्ने हुन्छ । यो पेरिसमा रहेको मध्यकालीन क्याथोलिक चर्च हो र यो विश्व सम्पदा सूचीमा पनि रहेको छ । यो फ्रेन्च गोथिक शैलीमा बनेको विश्वको ठूलामध्ये एक चर्च हो । यस चर्चभित्र राखिएको मूर्तिकलामा पाइने प्रकृतिवाद र सिसामा गरिने रंगिन कलाकारिताले यो चर्चलाई विश्वविख्यात बनाएको हो । यसको साथै यो चर्च पेरिसको आर्कविशपको क्याथेड्रल पनि हो र यहाँको ढुकुटीमा क्याथोलिक धर्मका अतिपवित्र ग्रन्थहरु संग्रहित छन् ।

नोत्रेदाम यस्तो भवन हो जस्का चर्कका भित्तालाई ढल्नबाट जोगाउन चर्चभित्रको हल र मंचको वरिपरिबाट आकाशे टेवा (Flyng Buttress) दिइएको छ । यस चर्चको बाहिरी भागको क्षेत्रफल ५५०० वर्गमिटर रहेको छ भने भित्री भाग ४८०० वर्गमिटर रहेको छ । यो चर्च कहिले बनेको हो भन्ने इतिहास खोतल्ने हो भने यसको भग्नावशेष चारौं शताब्दिदेखिको हो । राजा लुई सातौंको पालामा सन् ११६३ मा पोप आलेक्जेण्डर तेस्रोले जग हाली पुनर्निर्माण कार्य शुरु गरेको यो चर्च त्यसबेला नै युरोपको राजाहरुको मुख्य चर्चको रुपमा स्थापित भइसकेको र यस चर्चको विस्तार र यसलाई सुन्दर बनाउन आवश्यक जग्गा र निर्माण सामग्री ओसारपसार गर्न चाहिने बाटो बनाउने क्रममा असंख्य घरहरु भत्काउन परेको थियो । यस कार्यले सन् १३४५ सम्म निरन्तरता पायो । यस चर्चभित्र धेरै बहुमूल्य मूर्तिहरु भए तापनि कुमारी मेरी र उनको कोखबाट जन्मेको सिसु क्राइष्टसहितको उनको उभिएको मूर्तिले यस चर्चलाई विश्वविख्यात र गौरवशाली बनाएको छ । ३८७ खुडकिला भएको घुमाउरो अनि साँघुरो भऱ्याङ चढेर यस चर्चको टुप्पामा पनि पुग्न सकिन्छ जहाँबाट पेरिस शहरको मनोरम दृश्य तथा विश्वविख्यात गारगोलेको अवलोकन पनि गर्न सकिन्छ । लुई १४औं र १५औंको पालामा यस चर्चभित्रका भग्नावशेषहरुलाई जोगाउन धेरै संरक्षणका कार्यहरु पनि गरिए र यसले चर्चको भित्री स्वरुपमा धेरै परिवर्तन पनि ल्यायो । यस कार्यले यस चर्चलाई युरोपकै प्रख्यात चर्च बनायो ।

सन् १७८९ को फ्रान्सको राज्यक्रान्तिको उग्रवादी हमलाको कारण यो चर्चभित्रको बहुमूल्य कलाकृतिपूर्ण सिसाका झ्यालहरु क्षतिग्रस्त पनि भए तापनि उत्तर र दक्षिणका गुलाफी झ्यालहरु भने आक्रमणकारीको निशानामा परेन, नेपोलियनले आफूलाई फ्रान्सको सम्राट बनाएपछि यही क्याथेड्रलमा सन् १८०४ मा उनको राज्याभिषेक भएको थियो । पछि सन् १८४५ तिर गएर अइजेने भायोलेटको नेतृत्वमा यस चर्चको प्रथम चरणको जिर्णोद्धार कार्य गरिएको थियो । यो चर्च दोस्रो विश्वयुद्धमा पनि आक्रमणकारीको निशानामा परेको हुँदा यसका सिसाका झ्यालहरु क्षतविक्षत भएका थिए तर युद्धपश्चात नै तिनीहरुको मर्मत गर्ने कार्य गरिएको थियो । पछि सन् १९९१ मा यस चर्चको पुनः बृहत जिर्णोद्धार गरिने कार्यको शुरुवात गरिएको थियो जुन कार्य सन् २०10 सम्म पनि सम्पन्न भइसकेको थिएन । पछि २०१४ तिर गएर यहाँ आधुनिक बत्तीहरुको व्यवस्था गरिएको रहेछ भन्ने कुरा सन् २०१५ मा रोटरी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिई पोर्चुगलबाट जर्मनी फर्कंदा मसँगै पोर्चुगल जानुभएका रोटेरियन मित्र कृष्णराज दुलाललाई पेरिस देखाउने क्रममा दोस्रो पटक नोत्रेदाम पुग्दा थाहा पाएँ । यस चर्चभित्र भएका १० वटा घन्टमध्ये इमानुयल नाम गरेको सबैभन्दा ठूलो घन्टको वजन १३ टन रहेको छ । विभिन्न धार्मिक तथा सांस्कृतिक चाडपर्वमा यी घण्टहरु बजाइने गर्छन् जस्को कारण सिंगै क्याथेड्रल ध्वनिले थर्कने गर्दछ ।

अनुशासन र नैतिकताविहीन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैंबाट त्यसको शुरूवात गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

महिला हस्ताक्षर

■ गीता थापा

# पैसा छैन, न्याय पनि छैन

**'श्रीमान् हुँदा मात्र सबैले साथ दिने रै'छन् । श्रीमान्ले वास्ता गर्न छोड्यो, घरपरिवारले पनि निकालिदिए । अहिले सुर्खेतमा सानो नानी बोकेर आफन्तको शरणमा छु,' बेलमती राना ।**


सुर्खेत । साटाखानीनिवासी वसन्ती चपाईले दुई वर्षअघि जुम्लाका एकजना दलित केटासँग विवाह गरिन् । अन्तरजातीय विवाह घरमा स्वीकार नगरिएपछि उनी श्रीमान्सहित सुर्खेत आइन् । दुई वर्षपछि उनका श्रीमान् पढ्ने बहानामा काठमाडौं गए । लामो समयसम्म सम्पर्कविहीन भएका उनका श्रीमान्ले काठमाडौंमै दोस्रो बिहे गरेर घरजम गरेको खबर उनले पाइन् । त्यसपछि उनी काठमाडौं आइन् ।

काठमाडौंमा भेट्न नसकेपछि उनले फेरि सुर्खेत फर्केर प्रहरीसमक्ष श्रीमान्लाई झिकाइदिन आग्रह गर्दै निवेदन दिइन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतमा श्रीमान्विरुद्ध निवेदन दिए पनि प्रहरीले आफ्नो क्षेत्रमा नपर्ने भन्दै वसन्तीका श्रीमान्लाई जिल्लामा झिकाइदिएन । 'पढ्न गएका श्रीमान् उतै घरजम गरेर बसे,' उनले थपिन्, 'अब साथमा डेढ वर्षकी छोरी छ, उसलाई कारबाही गर्नकै लागि काठमाडौं खोज्न म कसरी जाऊँ । जान-आउन, बस्न पैसा धेरै लाग्छ । बरु होस् भनेर छोडिदिएँ ।'

'प्रहरीले बिहे भएको ठाउँमा उजुरी दिन भन्छ,' उनले थपिन्, 'तर म जुम्ला जाने अवस्था छैन, अब के मैले चाहेकै ठाउँमा न्याय पाउन नसक्ने हो त ?' राजधानीमा पुगेर श्रीमान्लाई पक्राउ गर्ने आर्थिक अवस्था र पहुँच नभएको भन्दै उनले महिला अधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूलाई सहजीकरण गरिदिन आग्रह गरे पनि पहल नभएको बताउँछिन् ।

वीरेन्द्रनगर- १० की मनकुमारी विकको कथा पनि वसन्तीको भन्दा कम्तीको छैन । बिहे गरेको केही वर्षमै उनका श्रीमान्ले लगातार सातवटा बिहे गरे । श्रीमान्ले यति धेरै बिहे गरेपछि आफू र बालबच्चालाई हेर्न छोडेको उनको गुनासो छ । श्रीमान्को बेवास्ता र उपचार अभावमा एक छोरीसमेत उनले गुमाउनुपर्‍यो । 'साँझ-बिहान के खाऊँ, के लाऊँ भन्ने अवस्था भयो,' उनले भनिन्, 'त्यसकै कारण बिरामी छोरीको उपचार गर्न नसक्दा मृत्यु भयो ।' आर्थिक अवस्था कमजोर हुँदा महिला हिंसा बढ्नुका साथै पीडा सहेर बस्नुपर्ने बाध्यता आउने मनकुमारीको अनुभव रहेको छ ।

सहारेकी बेलमती रानाको पनि पाँच वर्षअघि दैलेखका दिलबहादुर रानासँग प्रेम बस्यो । एक वर्षको प्रेमसम्बन्धलाई उनीहरूले विवाहको सम्बन्धमा परिणत



गरे । विवाह भएको सुरु सुरुको एक-दुई वर्षसम्म त दुवैको सम्बन्ध राम्रै थियो । घरको आर्थिक अवस्था कमजोर भएका कारण दिलबहादुर विवाह गरेको दुई वर्षमा कमाउनका लागि भारततिर लागे । भारत गएको केही समयसम्म त बेलमतीलाई श्रीमान्ले पैसा पनि पठाए । तर, समय बित्दै जाँदा न त श्रीमान्को खबर नै आयो न त पैसा नै । दिलबहादुर भारत जाँदा बेलमतीको साथमा डेढ वर्षको छोरा थियो । श्रीमान्ले वास्ता नै गर्न छोडेपछि घरपरिवारले पनि बेलमतीलाई घरबाट नै निकाले ।

उनलाई पछि थाहा भयो कि उनका श्रीमान्ले भारतमा नै नेपाली केटीसँग विवाह गरेर बसेका रहेछन् । उनले भनिन्, 'श्रीमान् हुँदा मात्र सबैले साथ दिने रै'छन्, श्रीमान्ले नै वास्ता गर्न छोड्यो, घरपरिवारले निकालिदिए अहिले सुर्खेत आफन्तकोमा बस्दै आएकी छु ।' उनले विभिन्न सरोकारवाला निकाय तथा प्रहरीमा उजुरीसमेत दिइन् श्रीमान्लाई झिकाइपाऊँ भन्दै तर, उनको कुरा कसैले सुनेनन् । उनले थपिन्, 'जहाँ पनि पैसा भए सबै हुने रै'छ, मसँग पैसा नै छैन त्यसैले कसैले मेरो कुरा सुनेन ।' उनलाई आफ्नोभन्दा पनि साथमा रहेको छोराको भविष्यको चित्ता छ । उनी भन्छिन्, 'माइतीमा जाउँ भने पनि आफैँ भागेर विवाह गरेको थिए कुन मुखले जाउँ, आर्थिक अवस्था कमजोर भएपछि आफ्ना नि पराई हुने रै'छन् ।'

अधिकांश महिलाले आर्थिक अवस्था सुदृढ नभएकै कारण पुरुषले हेप्ने र न्याय नपाएर भौँतारिनुपर्ने अवस्था आउने गरेको छ । महिलाको कमाउने माध्यम नहुँदा नै पुरुषले महिलामाथि गर्ने घरेलु हिंसा वृद्धि भइरहेको महिला अधिकारकर्मी बताउँछन् । महिला अधिकारकर्मी निशा पौडेलले घरेलु मदिरा उत्पादन र बिक्री-वितरणका कारण महिला हिंसा नियन्त्रण हुन नसकेको बताइन् ।

ग्रामीण क्षेत्रका महिला घरेलु हिंसाबाट पीडित भएको, तर आफू सक्षम नहुँदा वर्षौंदेखि पीडा सहेर बस्नुपरेको उनको भनाइ छ । 'महिलाहरू वर्षौंदेखि पीडित छन्,' उनले भनिन्, 'न्यायका लागि घर छोड्दा उनीहरूसँग अर्को विकल्प हुँदैन । त्यसैले अधिकारका साथै आत्मनिर्भर हुने कुरामा जोड दिनसके मात्रै हिंसा नियन्त्रण गर्न सकिन्छ ।'

समाजमा रहेका शिक्षित मानिसबाट नै विभिन्न कारणले महिलामाथि हिंसा हुने गरेको जिल्ला शिक्षा अधिकारी जितबहादुर शाहले बताए । शिक्षित वर्गले नै कुसंस्कारलाई अँगालेको र त्यही कुसंस्कारभित्र विभिन्न तरिकाले महिलामाथि नै अत्याचार हुने गरेको उनको भनाइ थियो ।

'पढेलेखेकाहरू पनि कुरीतिको सिकार भएका छन्,' उनले भने, 'जबसम्म पढेको र बुझेको कुरा व्यवहारमा लागू हुँदैन तबसम्म यस्ता कुरीतिले कुनै न कुनै ठाउँबाट महिलामाथि प्रहार गरिरहन्छन् ।' उनले महिला हिंसाको दोस्रो कारण बालविवाह भएकाले यसको नियन्त्रणका लागि विद्यालयस्तरबाट नै प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए ।

राष्ट्रिय महिला आयोगकी कार्यवाहक अध्यक्ष भगवती घिमिरेले पीडित महिलालाई न्याय पाउनका लागि सरकारले वकालत गर्ने व्यक्तिको व्यवस्था गर्ने र न्याय पाउनेबेलासम्मको आर्थिक सहायतासमेत प्रदान गर्ने गरेको बताइन् । यस्तै, उनले केही ऐनहरू पुराना भएको र संशोधन गर्नुपर्ने भएकाले महिला हिंसाविरुद्धको नियम कडाइका साथ कार्यान्वयन र बलियो कानुन निर्माणका लागि दबाब सिर्जना गर्ने बताइन् ।

*(संचारिका फिचर सेवा)*

# महिला अधिकारसँगै बाल अधिकार

**गमला लामा/बिदूर**

नुवाकोट जिल्ला सदरमुकाम बिदूर नगरपलिकामा महिलाको मुद्दासँगै बालबालिकाको मुद्दा पनि सम्बोधन हुने भएको छ । महिलाहरू सचेत भए मात्र बालबालिकाको अधिकार संरक्षित हुने भएकाले यस प्रकारको रणनीति अपनाइएको बिदूर नगरपालिकाकी उपप्रमुख (उपमेयर) गीता कुमारी दाहालले बताइन् । 'महिला अधिकार सुरक्षित भए मात्र बाल अधिकार सुरक्षित हुन्छ भन्ने मान्यतामा नगरपालिका सचेत छ ।' उपमेयर भन्दै थिइन्- 'बालमैत्री स्थानीय शासन सफल हुन सबैभन्दा पहिला महिला अधिकार संरक्षित र सुरक्षित हुनु पर्छ । हरेक बालबालिकाका पहिलो शिक्षक आमा भएकाले आमा अधिकारसम्पन्न, सुरक्षित र सचेत बनाउने अभियानमा लागेका छौ ।'



बालमैत्री स्थानीय शासनको रणनीति र यसका सूचकहरूमा पनि महिलासँग जोडिएका धेरै अधिकार राखिएका छन् । गर्भको सुरक्षादेखि सुरक्षित ढंगले सुत्केरी गराउने कुरा बालमैत्री स्थानीय शासनमा पर्दछन् । कुनै पनि स्थानीय तह बालमैत्री बन्नका लागि महिलासँग सम्बन्धित धेरै वटा सूचक पुरा गर्नु पर्दछ । जिल्ला बाल कल्याणकारिणी समिति, नुवाकोटका सूचना अधिकृत जीवन पुडासैनी भन्छन्, 'बाल बचाउसम्बन्धी महत्वपूर्ण सूचक स्तनपानमा नवजात बालबालिकाले छ महिनासम्म आमाले अनिवार्य रुपमा स्तनपान गराएको हुनुपर्ने व्यवस्था गरिएको छ । यो विशुद्ध आमा वा महिलासँग सम्बन्धित सूचक हो । जन्मदाता आमा पूर्ण स्वस्थ भएमा मात्र निरन्तर स्तनपान सम्भव छ । नेपालको सन्दर्भमा स्तनपान गराउन अक्षम भएका महिला थुप्रै भेटिएका छन् । एकातिर यो नेपालको कानूनी हिसावले र अर्कोतिर सामाजिक र आर्थिक, स्वास्थ्यका कारणले पनि यो अधिकार बालबालिकाले पाउन सकेका छैनन् । बालबालिकाको अधिकारसँग प्रत्यक्ष आमाको वा महिलाको अधिकार जोडिएको हुन्छ ।

कतिपय आमाहरूले आफ्ना बालबच्चालाई स्तनपान मात्र होइन न्यानो काख दिन पनि बञ्चित गराएका छन् । यो बालअधिकार र महिला अधिकार दुबैको हनन् हो । बालअधिकारकर्मी समेत रहेका पुडासैनीको विचारमा मूलतः सम्बन्ध बिच्छेद जस्ता कानूनी प्रावधानका कारण यस्तो भएको हो । सम्बन्ध बिच्छेदले महिला अधिकार सुरक्षित गर्छ भन्ने तर्कसँगै सन्तानलाई भय र असुरक्षा दिन्छ भन्ने पाटोमा त्यति विमर्श भएको छैन । बाबु र आमा दुबैको न्यानो मायासँगै पारिवारिक वातावरणमा हुर्कन, पढ्न र सामाजिकीकरण हुन पाउनुपर्ने बालबालिकाको अधिकार हो । सम्बन्ध बिच्छेद भएपछि तिनले आमा वा बाबु मध्ये एकलाई रोज्नु पर्ने बाध्यता छ । गल्ती महिला वा पुरुष जो बाट भए पनि सजाय भोग्ने भागिदार निर्दोष बालबालिका हुन्छन् । यसबाट बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा प्रतिकूल असर पर्दछ ।

स्थानीय महिला अधिकारकर्मी भगवती लामाको भनाईमा बद्लिदो सामाजिक वातावरणले पनि बालअधिकार हनन् भईरहेका छन् । महिला अधिकार र स्वतन्त्रताको उपभोग गर्ने नाममा बालअधिकार हनन्का घटना धेरै छन् । नेपाली समाज संयुक्त परिवारबाट एकल परिवारमा रुपान्तरण हुँदै गइरहेको छ । केही पढेका र केही स्वरोजगारमा भएका तथा बैदेशिक रोजगारको रेमिन्टेन्स प्राप्त गरिरहेका महिलाहरू पुरानो थातथलो, घर गाउँबाट सहर वा तुलनात्मक रुपमा सुविधासम्पन्न ठाउँहरूमा बसाई सर्ने क्रम तीव्र छ । यसले संयुक्त परिवारबाट खासगरी हजुरआमा, हजुरबुबाहरूबाट बालबालिकाहरूले प्राप्त गर्ने माया, संस्कार, परम्परा र ज्ञानलगायतको पक्षहरुमा प्रभाव परेको छ । बालबालिकाले संयुक्त परिवारमा पाउँने बालापनको वातावरण गुम्दै गएको छ ।

अझ एकल परिवारमा आमा बुबा दुबैजना कामकाजी भएको खण्डमा बालबालिकाहरूको बालापन कष्टमय हुन पुग्छ । बिदूर नगरपालिकाका सामाजिक कार्यकर्ता बिमला थोकर भन्छिन्, 'आमा र बुबा दुबै जना जागिरे भए भने बच्चामाथि धेरै प्रभाव पर्छ । धेरै स्थानमा दुई बर्षभन्दा मुनिका बालबालिकालाई समेत शिशु स्याहार केन्द्रमा भर्ना गरिएका छन् । तीन बर्ष नपुग्दै बालबालिकालाई नर्सरीमा भर्ना गरेर किताबको भारी बोकाउनु सामान्य भईसकेको छ । बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म कलिला बालबालिकालाई घर बाहिर राखेर आफ्नो व्यवसायिक र घरायसी काममा व्यस्त हुनुपर्ने महिलाको बाध्यता हुन्छ । त्यस्तोमा बाल अधिकारबारे सोच्ने र सोहीअनुसारको व्यवहार गर्नु कत्ति सम्भव होला ?'

त्यसो त महिला अधिकार र बाल अधिकार एकअर्काका परिपूरक हुन् । बिदुर नगरपालिकाका प्रमुख (मेयर) सञ्जु पण्डित को भनाई छ, 'बालअधिकारलाई सुनिश्चित गर्न महिला अधिकार प्रबर्द्धन हुनु पर्दछ । महिला अधिकारको पूर्ण उपभोग भयो भने मात्र गर्भ अवस्थादेखि किशोर किशोरी नहुँदासम्म बालबालिकाको अधिकारको सुनिश्चित हुनसक्छ । बालबालिकाको संरक्षणको लागि महिलाले पाएको अधिकार, सहुलियत र प्राथमिकताको सही उपयोग हुनु पनि उत्तिकै जरुरी छ । बालमैत्री स्थानीय शासनले गर्भवती आमाहरूले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउनुपर्दछ । स्थानीय तहका सबै भूगोलमा सत प्रतिशत यस प्रकारको सेवा लिएमा बालमैत्री स्थानीय शासनको ३९ सूचकमध्ये एक सूचक पुरा भएको मानिन्छ । यसै गरी अर्को सूचकमा गर्भवती महिलाको स्वास्थ्यसँग सम्बन्धित छ । गर्भवती महिलाले प्रसुतिपूर्व चारपटक र प्रसुतिपश्चात नवजात शिशुसहित ३ पटक स्वास्थ्य जाँच गराउनु पर्दछ । यसैगरी गर्भवती तथा सुत्केरी आमाहरूले २२५ वटा आइरन चक्की खाएकै हुनु पर्दछ । यस प्रकारको स्वास्थ्य सुविधा सरकारले निःशुल्क उपलव्ध गराउने व्यवस्था गरिएको हुन्छ ।

महिलासँग सम्बन्धित अर्को विषय पनि बालमैत्री शासनमा व्यवस्था गरिएको छ । बालमैत्री स्थानीय शासन अवलम्बन गरिएपछि सबै घर धुरीमा पिउन योग्य खानेपानीको व्यवस्था हुनै पर्छ । यस्तो खानेपानीको सहज पहुँचबाट महिलाहरूलाई नै अन्ततः सहयोग पुग्ने नगरपालिकाकी बालमैत्री सम्पर्क व्यक्ति सरला श्रेष्ठको बुझाई छ ।

बिदूर नगरपालिकाका कार्यकारी अधिकृत दुर्गा प्रसाद चालिसे बालमैत्री स्थानीय शासनबाट महिला अधिकर प्रबर्द्धन भए पनि बालअधिकारलाई कुण्ठित पार्ने र कोरा महिला अधिकारलाई मात्र टेवा दिने गरी गरिने अभ्यासले समाजलाई सहयोग नगर्ने धारणा राख्छन् । उनको निचोड छ, समाजले महिला अधिकारलाई प्रबर्द्धन गर्दा बालअधिकार पनि सँगसँगै संरक्षित हुने गरी वातावरणको निर्माण गरिनु पर्दछ । बोली र शारीरिक बलबाट आफ्नो अधिकार लिन नसक्ने बालबालिकालाई पहिलो प्राथमिकतामा राख्ने समाजमात्र सभ्य र समृद्ध समाज बन्न सक्छ ।

*–साभारः मीरेष्ट लेखमाला*

वन्यजन्तु —— हेमचन्द्र महतो

# गिद्ध संरक्षणमा अबको बाटो



प्रत्येक वर्ष गिद्ध संरक्षणका लागि अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवस मनाइन्छ । यो दिवस हरेक वर्ष सेप्टेम्बरको पहिलो शनिवार मनाउँदै आइरहेको छ । गिद्ध संरक्षण कार्यलाई थप प्रभावकारी र आम सरोकारको विषय बनाउने उद्देश्यले यस वर्ष भाद्र १७ अर्थात सेप्टेम्वर २ शनिवारका दिन नेपालमा पनि नवौं अर्न्तराष्ट्रिय गिद्ध सचेतना दिवस मनाईयो । यस दिवसको मुख्य उद्देश्य गिद्धको महत्व, लोप हुनुको कारण र गिद्धको संरक्षण सहभागितावारे जनमानसमा जनचेतना जगाउनु नै हो । दक्षिण अफ्रिकामा सन् २००५ देखी नै मनाइदै आएको राष्ट्रिय गिद्ध सचेतना दिवसबाट विकसित भई सन् २००९ बाट अर्न्तराष्ट्रिय दिवसको रूपमा मनाउन थालिएको हो ।

यस दिवसका दिन सरोकारवाला संघ सस्था, सरकारी, गैह्रसरकारी निकायहरू विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरू जस्तै सचेतनामुलक र्‍यालि, सडक नाटक, क्याम्पस तथा विद्यालयस्तरीय संरक्षण प्रतियोगिताहरू। गिद्ध तस्विर तथा चित्रकला प्रदर्शनी, अन्तर्किया गोष्ठि आदी गरी मनाउने गर्दछ ।

गिद्धलाई प्रकृतिको कुचिकार भन्ने चलन छ । यो एउटा मांशाहारी चरा हो । यो अग्ला बलिया रूख र पहराहरूमा गुँड बनाइ बस्छन् । मानिसको दृष्टि भन्दा आठ गुणा बढी टाढा सम्म दृष्टि पुग्ने पंक्षि हो । त्यसैले त हाम्रो समाजमा कुनै कुनै मानिसलाई गिद्धे दृष्टि भनी बोलचालमा संज्ञा दिने गरेको सुन्न पाइन्छ । यो पक्षि मरेका गाईबस्तु, जानावरको सिनो खाई बाँच्ने गर्दछ । गिद्ध फोहर, दुर्गन्धित बस्तहरूलाई आफ्नो आहार बनाई वातावरणलाई स्वच्छ एवं सन्तुलन गर्नुको साथै गिद्धले महामारी हैजा, प्लेग, झाडापखाला, रेबिज, एन्थ्राकस आदी जस्ता महामारी फैलन रोक्ने भुमिका खेल्दछ । त्यतिमात्रै नभई यसले धार्मिक तथा सांस्कृतिक महत्व पनि बोकेका एउटा पंक्षि हो । रामायणमा रावणले सीतालाई हरण गरी लंका लैजादा सीतालाई जोगाउन गिद्ध अन्तिम श्वास रहुन्जेल लडेको किवदन्ति छ । विश्वमा गिद्ध २३ प्रजातिका छन् । नेपालमा ९ प्रजातिका गिद्धहरू पाइन्छन् । सो मध्ये ६ प्रजातिका गिद्धहरू नेपालमै गुँड बनाइ बस्छन, बच्चा कोरल्छन् । बाकि प्रजातिहरू आगन्तुक हुन ।

आई.यू.सि.एन. ले सन् २०१६ मा गरेको एक अध्यन प्रतिवेदन अनुसार ४ प्रजाति अति संकटापन्न सूचीमा सुचिकृत भएका छन् । अकल्पनीय र अप्राकृतिक विनासले सानो खैरो, डंगर, लामो ठुडे, र सुन गिद्ध अतिसंकटापन्न र सेतो गिद्ध संकटापन्न अवस्थामा पुगेका छन् । अति संकटापन्न प्रजाति आउने दश वर्षभित्र लोप हुने सम्भावना पचास प्रतिशत हुन्छ ।

नेपालमा सन् १९९० ताका झण्डै ५ लाखको संख्यामा रहेका यो पक्षि अहिले यसको संख्या २० देखि २५ हजार सम्म रहेको अनुमान छ । सन् २००२ देखि २०१० सम्म नेपालमा गरिएको राजमार्ग ट्रान्सेक्ट सर्भे अनुसार डंगर गिद्ध ९० प्रतिशतले घटेको पाइएको छ ।

यसको मुख्य कारण हो, वासस्थानको विनास र पशु चौपायाहरूलाई औषधि उपचारको लागि प्रयोग गरिने औषधि डाइक्लोफेनेक युक्त सिनो खानु, स्वच्छ आहारमा कमि, सिनोमा विषको प्रयोग, पर्याप्त संरक्षण शिक्षाको अभाव आदी । दास एट अल ले सन् २०१० अनुसार डाइक्लोफेनेक युक्त सिनो खादा गिद्धको किडनि विग्रिने र गिद्ध मर्ने प्रमुख कारण भनेर पुष्टि गरेका छन् । हुनत, यदि कसैले डाइक्लोफेनेक मुक्त क्षेत्रमा लुकाएर मानिसलाई प्रयोग गर्ने डाइक्लोफेनेकयुक्त औषधि पशु उपचारमा प्रयोग गरे गराएमा औषधि ऐन, २०३५ अनुसार ३ वर्ष कैद वा रू २५ हजार जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था नभएको होइन । तर कानुनको प्रभावकारी कार्यान्वयन नभएकै कारण गिद्ध संरक्षणमा समस्या देखिएको भन्दा गतल न होला ।

गिद्ध संरक्षणका लागि नेपाल सरकारले २०६३ जेष्ठ २३ गते देखी पशु उपचारमा डाइक्लोफेनेकको प्रयोग, उत्पादन, आयात र बिक्रिवितरणमा प्रतिबन्ध लगाएको छ । डाइक्लोफेनेक नामक पशुमा लगाइने औषधि नेपालमा निषेध भएको ११ वर्ष पछि श्रावण २३ गते महोत्तरी जिल्ला डाइक्लोफेनेक मुक्त जिल्ला भएको घोषण भएको छ । हाल नेपालमा करीब ५८ जिल्ला डाइक्लोफेनेक मुक्त जिल्ला रहेको छ । गिद्ध संरक्षणका लागि दशकौं देखी निरन्तर रूपमा पशु उपचारका लागि डाइक्लोफेनेक को प्रयोग नगर्न सरकारी तथा गैह्रसरकारी निकायहरूले स्थानिय समुदायलाई समेत परिचालन गरिरहेको अवस्था छ ।

त्यति मात्र होइन, नेपालको सम्पूर्ण भूभागको करिब आधा हिस्सा सैधान्तिक रूपमा गिद्धका लागि सुरक्षित रहेको विभिन्न समयमा घोषणा भएको स्थिति छ । फलस्वरूप गिद्धका संख्यामा विस्तारै वृद्धि भइरहेको अध्ययन प्रतिवेदनहरूले देखिन्छ । यसरी गिद्धको संख्यामा भइरहेका वृद्धिलाइ मध्यनजर गर्दै राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग (सन् २०१५) अनुसार नेपाल सरकारले गिद्ध प्रजनन् केन्द्र, कसरा चितवनबाट केही गिद्धहरूलाइ प्रोभिजनल भल्चर सेफ जोनमा छाड्ने योजना समेत रहको देखिन्छ । अहिले गिद्धको संख्या करिव २० हजार रहेको अनुमान गरिएको छ । जे भए पनि गिद्धको संख्या ज्यादै थोरै रहेकोले यो पंक्षि अस्तित्व जोखिममै रहेको छ । त्यसकारण डाइक्लोफेनेक को प्रयोग भए नभएको निरन्तर अनुगमनको जरूरी देखिन्छ ।

विभिन्न अध्ययन प्रतिवेदन अनुसार गिद्धलाई विनास गर्ने अरू पनि एनएसएड औषधिहरू छन् । ति हुन नेमुसलाइड (कुथवर्ट एट अल, २०१५) , केटोप्रोफेन (नाइडो एड अल, २००९), एसिक्लोफेनेक (ग्यालिगन एट अल, २०१६) । तसर्थ गिद्धको विनाश हुनुबाट रोक्न वा नियन्त्रण गर्न गिद्धका लागि हानिकारक माथिका सबै औषधिहरू पशु उपचारको प्रयोगमा प्रतिबन्ध लगाउन सरकारले ठोस नीति ल्याउनु पर्ने देखिन्छ ।

गिद्ध संरक्षण कार्ययोजनालाई नेपालको पूर्वका जिल्लाहरूमा समेत विस्तार गर्दै लागु गर्नु पर्ने नितान्त आवश्यक देखिएको छ । तब मात्र हाम्रो देश नेपालको सम्पूर्ण भूभाग गिद्ध सुरक्षित क्षेत्रको रूपमा रहेको भनी हामी विश्वमा शिर ठाडो पारी उभिन सक्छौ ।

पछिल्लो दिनमा गिद्धको संख्या घटदोक्रम स्थिर भएको देखिन्छ । गिद्धको गुँडहरूको संख्या रूखहरूमा बढिरहेको पाइन्छ । यद्यपि गिद्ध अझै पनि पूर्ण संकटमुक्त र सुरक्षित भइसकेका छैनन् । हामी सानो हुदा यत्रतत्र सर्वत्र देखिने गिद्ध अहिले दुर्लभ भएको र यसको अस्तित्व नै खतरामा परेको कुरामा शायद हामी सबै सहमत छौं । अतः गिद्ध संरक्षणका प्रयासहरू अझै निरन्तर अगाडि बढाइनै राख्नु पर्ने देखिन्छ ।

डाइक्लोफेनेकको अवैधानिक प्रयोग, सिनोमा विषको प्रयोग, वासस्थान तथा आहारको अभाव, पर्याप्त संरक्षण चेतनाको कमीका साथै पर्यावरण संरक्षण गर्ने आदी अझै पनि हामी माझ चुनौतिको पहाड झै खडा छ । अतः लोप हुन लागेका धार्मिक, साँस्कृतिक र पर्यावरणिय महत्व बोकेका प्रकृतिका अभिन्न प्रजाति गिद्ध र त्यसको वासस्थानको वैज्ञानिक व्यवस्थापन गर्नु, गिद्ध लाई हानी पुर्‍याउने एन एस एड औषधिहरूको प्रयोगमा प्रतिबन्ध लगाउनुका साथ साथै गिद्ध संरक्षण वारे सचेतना अभिवृद्धि गर्न प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवालाहरू सक्रिय रूपले लाग्न आजको प्रमुख आवश्यक्ता हो ।

# भारतमा बुलेट ट्रेनको चुनौती



**विष्णु भट्टराई**

जापानी प्रधानमन्त्री सिन्जो आबेको भारत भ्रमणका क्रममा भएका सहमतिको उद्देश्य दुई देशले नै स्पष्ट पार्नुपर्ने प्रतिक्रिया चीनले दिएको छ । चिनियाँ परराष्ट्र मन्त्रालयकी प्रवक्ता हुवा चुनिइङले आफ्नो नियमित पत्रकार सम्मेलनका क्रममा दुई प्रधानमन्त्रीको संयुक्त वक्तव्यमा समेटिएका विषयबारे सञ्चारमाध्यममा आएको टिप्पणीको आरोपमा कुनै प्रतिक्रिया दिन नहुने भन्दै दुवै देशले नै यसको उद्देश्य स्पष्ट पार्नुपर्ने जनाएकी हुन् ।

यसअघि पनि उनले भारत र जापानबीच हुने भनिएको 'एसिया अफ्रिका ग्रोथ करिडोर' चीनले दुई वर्षअघि नै ल्याएको 'वान बेल्ट वान रोड' अवधारणालाई टक्कर दिन ल्याएको भन्ने भारतीय सञ्चारमाध्यममा समेत आएपछि साझेदारी गर्न तर गुटबन्दी नगर्न आग्रह गरेकी थिइन् । दुई देशका प्रधानमन्त्रीबीच भएको औपचारिक वार्तापछि जारी संयुक्त वक्तव्यमा हिन्द-प्रशान्त क्षेत्रका साथै दक्षिण चीन सागरलाई समेत विवादित बनाउन खोजिएको भन्दै चीन सो सम्झौताले झस्किएको छ ।

दुई देशबीच जारी संयक्त वक्तव्यमा यस्ता विवादलाई शान्तिपूर्ण रूपमा संयुक्त राष्ट्र संघीय कन्भेन्सन अनुसार हुनुपर्ने उल्लेख छ । सो पत्रकार सम्मेलनमा एक पत्रकारले सोधे, 'दुई नेताको वक्तव्यमा ओबीओआरलाई लक्षित गर्दै यसमा जोडिएका सबै देशलाई अन्तर्राष्ट्रिय मानक र समग्रताको भावनाको ख्याल गर्नुपर्छ । दुवै देशले 'भारत-जापान एक्ट इस्ट फोरम' को निर्माण गरिनेछ, भनेका छन् । यसका साथै जापानले भारतका पूर्वोत्तर राज्यमा लगानी बढाउने घोषणा गरेको छ । भारत र जापानको संयुक्त वक्तव्यप्रति चीनको बुझाइ के हो ?'

सो प्रश्नको उत्तर दिँदै विदेश मन्त्रालयकी प्रवक्ता हुवाले दुई देशका नेताको संयुक्त वक्तव्यलाई आफूले पनि पढेको तर त्यहाँ चीन शब्द कुनै पनि स्थानमा प्रयोग नगरिएको बताइन् ।

उनले हालै भारत र जापानका मिडियाले यस मामलामा चीनलाई चुनौती दिएको रूपमा समाचार प्रकाशन गरे पनि त्यस्तो बढाइचढाइ व्याख्या गरिएको हो या यसमा कुनै गोप्य एजेन्डा छ भन्नेबारे अड्कल बाजी गर्नुभन्दा पनि भारत र जापानले नै प्रस्ट छ पार्नुपर्ने उल्लेख गरिन् ।

चीन यस्ता विवादहरूको समाधान शान्तिपूर्ण वार्ताका माध्यमबाट हुनुपर्छ भन्ने पक्षमा रहेको उल्लेख गर्दै प्रवक्ता चुनिइङले जुन विषयमा विवाद हुन्छ, त्यसमा चीनले वार्ताको नीति नै अख्तियार गर्ने बताएकी छन् । सेनाको आवतजावत र सीमा उल्लंघनको विषयमा सबै देश अन्तर्राष्ट्रिय नियमको दायरामा आउनुपर्ने उनको भनाइ थियो ।

चिनियाँ विदेश मन्त्रालयले क्षेत्रीय सम्पर्कलाई चीनले सधैं प्रोत्साहन नै गर्ने उल्लेख गर्दै त्यस प्रकारका परियोजनामा सबै देशलाई एक अर्काको फाइदा होस् भन्ने उद्देश्य हुनुपर्ने र साझा प्रयासबाट मात्रै यस्ता काम सफल हुने उल्लेख गरेको छ ।

चीनले भारतका पूर्वोत्तर राज्यमा लगानी बढाउने विषयमा पनि चीनले कडा प्रतिक्रिया दिएको छ । उसले भारतका पूर्वोत्तर राज्यमा चीनसँगको सीमा विवाद समाधान हुँन बाँकी रहेको उल्लेख गर्दै यसमा चीन स्पष्ट रहेको र कुनै पनि तेस्रो देश बिचमा आउनु उचित नहुने बताएको छ । चीनले एसियामा जापान र भारत दुवै महत्वपूर्ण देश भएको भन्दै दुवैले क्षेत्रीय शान्ति, स्थिरता र प्रगतिलाई बढावा दिने विश्वास व्यक्त गरेको छ ।

भारतको यातायातको मुख्य साधन रहेको रेल सेवा करोडौं मानिसहरूले प्रयोग गर्ने गर्दछन् । तर पछिल्लो केही समयदेखि भारतमा रेल दुर्घटनाका समाचार सामान्यजस्तै लाग्न थालेका छन् । यसै क्रममा भारतीय प्रधानमन्त्री मोदीले जापानको सहयोगमा बुलेट ट्रेन ल्याउने योजनाको शिलान्यास गरेका छन् । अर्कोतर्फ आबेको भ्रमणकै समयमा मोदीले जापानको ३० अर्ब डलर र भारतको १० अर्ब डलर गरी कुल ४० अर्ब डलरको लगानीमा 'एसिया-अफ्रिका ग्रोथ करिडोर' योजनाको परियोजनामा जापानलाई सहमत गराएका छन् । यी दुवै परियोजनाबाहेक हिन्द-प्रशान्तमा सुरक्षा र आतंकवादविरोधी अभियानमा पनि दुई देश सहमत बनेका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अहमदाबादमा बुलेट ट्रेनको शिलान्यास जापानी प्रधानमन्त्रीलाई साक्षी राखेर गरेका छन् । उनको यो बुलेट ट्रेनको सपना नयाँ भने होइन । गुजरातको मुख्यमन्त्री बन्दा सन् २००१ मा नै मोदीले गुजरातमा मेट्रो रेलको सपना देखाएका थिए । उनले सन् २०१४ सम्म गुजरातको मुख्यमन्त्रीको रूपमा काम गरेर तीन वर्षअघि देशको प्रधानमन्त्री बने पनि गुजरातवासीलाई देखाएको मेट्रोको सपना सपनामै सीमित थियो । गुजरातमा जुन प्रकारको 'सिक्वेन्स' मा मोदीले अहिले बुलेट ट्रेनको अभियान सुरु गरेका छन्, यो उनको चुनावी अभियानको एक हिस्सा हो । सन् २००१ देखि मेट्रोको सपना बुनेका त्यहाँका जनताले त्यसलाई वास्तविकतामा परिणत भएको हेर्न चाहेका छन् । मोदीले सन् २०१९ को संसदीय चुनाव आउँदै गर्दा विस्तारै आफ्नो अभियान सुरु गर्न थालेका



छन् । प्रधानमन्त्री बनेपछि केही महिना उनी गुजरात नै गएनन् । तर जसरी चुनावको समय नजिक आउँदै छ, मोदीको गुजरात यात्रा पनि बाक्लिँदै गएको छ ।

एउटा ठूलो रूखको मुनि अर्को रूख झाँगिन नसकेजस्तै मोदीपछि आउने आनन्दीबेन पटेल हुन् या विजय रूपाणि दुवैले त्यो स्थान लिन र जनताको विश्वास जित्न सकेनन् । यसै पृष्ठभूमिमा मोदीले आमजनतालाई फकाउन फेरि सुरु गरेका छन् । यद्यपि अहिले आएर त्यहाँको स्थानीय वास्तविकता हामीले अट्कलबाजी गरेजस्तो नभएर बिलकुल फरक छ । हालैका दिनमा गुजरातमा आएको अविरल वर्षा र बाढीका कारण सडकहरू ध्वस्त बनेका छन् । तर त्यहाँ बाढी प्रभावित जनता, घाइतेहरूलाई अस्पताल लैजाने सडकभन्दा जापानी प्रधानमन्त्री सिन्जो आबे आउने सडक तत्काल बनाइयो । आबेको स्वागतका लागि बनाइने सो सडक मर्मतका लागि गुजरातको सिंगो प्रशासन लागेको थियो । मोदी संसदीय राजनीतिका निकै चतुर खेलाडी हुन् र उनले अहिलेदेखि नै यो आयोजनाका नाममा आफ्नो चुनावी अभियान सुरु गरिसकेका छन् । सिद्दी सैयद मस्जिदमा एक कार्यक्रम भयो, तर त्यसैमा जोडिएका मानिसलाई सामेल गरिएन । त्यो मस्जिदको ऐतिहासिक सन्दर्भ बताउने काम उनी आफैंले गरे तर जनतालाई त्यसको इजाजत दिइएन । कट्टर हिन्दूवादी मोदीले मुस्लिम टोपी लगाउन अस्वीकार समेत गरे । किनकि उनको भोट भने हिन्दूवादी भोट हो । गुजरातमा विकासका लागि खर्बौं रुपैयाँ खर्च गरिएको छ । त्यो पैसा यस्तो स्थानमा लगानी भएको छ कि यसबाट के फाइदा हुन्छ, के बेफाइदा हुन्छ भन्ने इन्च-इन्चको हिसाब गरिएको स्थानीयले नै बताउने गरेका छन् । जसप्रति आमजनताले नै सामाजिक सञ्जालमा समेत असन्तुष्टि जाहेर गरिरहेका छन् । हालैका दिनमा 'विकास पागल भएको छ,' भन्ने वाक्य 'टप ट्रेन्ड' बन्नुले पनि त्यहाँ समानुपातिक विकास नभई चुनाव केन्द्रित विकास भइरहेको अन्दाज लगाउन सकिन्छ ।

मोदी गुजरातको सत्तामा आएपछि भारतीय जनता पार्टीको शक्ति हालको समयमा कमजोर भएको छ । किनकि त्यहाँ मोदीको पार्टीलाई सहयोग गर्दै आएका पाटिदार समुदाय विद्रोहमा छन् । आम आदमी पार्टीले गुजरातमा सिन्जो आबेको आगमनलाई लिएर कुनै विरोध प्रदर्शनमा नभए पनि सो पार्टीका नेतालाई बाहिर निस्कनसमेत दिइएन । यो किन आवश्यक पर्‍यो भन्ने भनिरहन जरुरी छैन । यी सबै घटनाबीच बीजेपी १८२ सिटमा १५० सिट जित्ने दाबी गरिरहेको छ । सन् १९८५ मा कांग्रेसले माधवसिंह सोलंकीको नेतृत्वमा यति सिट जितेको थियो । नरेन्द्र मोदीले तमाम झण्डा गाडे, गुजरातलाई बीजेपीमय बनाए, तर उनको रेकर्ड तोड्न सकेका छैनन् । यसै कारण पनि मोदीले यसपटक गुजरातलाई विशेष प्राथमिकता दिइरहेका छन् । सरकारको महत्वाकांक्षी योजनाको सुरुवात त भयो तर यति ठूलो परियोजनाको योजना कति व्यवस्थित छ भन्ने कुराले यो कति छिटो सम्पन्न हुन्छ भन्ने निर्धारण गर्दछ । यसका लागि कतिपय स्थानमा जनताको जग्गा अधिग्रहण गरी मुआब्जा दिनुपर्ने हुन्छ, यसका लागि धेरै लामो समय लाग्न सक्छ । त्यति नै महत्वपूर्ण अर्को कुरा त्यहाँको पर्यावरणको संरक्षण पनि हो । वातावरणको संरक्षणसहित प्रभावितलाई पुनर्बासको व्यवस्था, बाटोमा पर्ने सार्वजनिक स्थल, मन्दिरजस्ता स्थानलाई ख्याल गर्दै बुलेट ट्रेनलाई सम्पन्न गर्न केही समय अवश्य खर्चिनुपर्ने हुन्छ । मोदी आफ्नो आगामी निर्वाचन केन्द्रित कार्यक्रमका लागि यी सबै कुरालाई व्यवस्थापन गर्न सफल हुन्छन् या हुँदैनन्, त्यो हेर्न केही वर्ष कुर्नुपर्नेछ, तर उनले आगामी निर्वाचनलाई केन्द्रित गरेर यस प्रकारका कार्यक्रम भने अघि बढाइसकेका छन् ।

दोस्रो विश्वयुद्धअघि चीनले जापानी साम्राज्यविरुद्ध ठूलो संघर्ष गरेको थियो । त्यसबेला माओको नेतृत्वमा रहेको सेना र च्याङ काइसेकको नेतृत्वमा रहेको सेनाले एक भएर जापानी साम्राज्यको सेनालाई पराजित गरेको थियो । त्यसबेला विकासका दृष्टिले निकै पछि रहेको चीन आज विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुक बनिसकेको छ । दोस्रो विश्वयुद्धपछि बेलायती उपनिवेशबाट मुक्त भएको भारत पनि अहिले विकासको गतिमा निकै अघि बढिसकेको छ । चीनले आफ्नो आर्थिक विकाससँगै विश्वव्यापी रूपमा आफ्नो नेटवर्क स्थापित गर्नका लागि 'वान रोड वान बेल्ट' को अवधारणा सुरु गरेको छ । जसमा विश्वका ठूलादेखि साना राष्ट्रसमेत सामेल छन् । तर त्यसमा छिमेकी मुलुक भारत भने सामेल भएको छैन । किनकि उसले आफूलाई चीनको प्रतिस्पर्धी ठान्ने गरेको छ । उसलाई टक्कर दिन भारत र जापानले नयाँ अवधारणा ल्याएका छन्, एसिया-अफ्रिका ग्रोथ करिडोर । जसरी चीनले एसिया हुँदै अफ्रिकासम्म आफ्ना आर्थिक कार्यक्रम लिएर जाने नीति लिएको छ, त्यसैलाई नक्कल गर्दै भारत र जापानले पनि अफ्रिकासम्म लगानी बिच्छ्याउन खोजेका हुन् । चीनको वान रोड वान बेल्टको अवधारणालाई टक्कर दिने बाटो खोजिरहेका दुवै मुलुक भारतीय प्रधानमन्त्रीको यो प्रस्तावमा सहमत बनेका हुन् । भारत र जापानको ४० अर्ब अमेरिकी डलरबराबरको यो परियोजनाको मुख्य उद्देश्य भनेको अफ्रिकी देशमा विकास साझेदारी गर्नु हो । जापानको ३० र भारतको १० अर्ब अमेरिकी डलर रहने यो परियोजना स्थानीय भौतिक निर्माण र विकासमा लगाइनेछ । चीनले पछिल्ला केही समयदेखि अफ्रिकी मुलुकमा आफ्नो उपस्थिति बढाइरहेका बेला जापान र भारत पनि विकासको एजेन्डा लिएर अफ्रिकासम्म जान खोजेका हुन् । चीनको ओबीओआर एक वैश्विक परियोजना हो, तर भारत र जापान विकासको एक अलग वैकल्पिक मोडल खडा गर्ने कोसिस गरिरहेका छन् । चीनको ओबीओआर टप-डाउन मोडेलको परियोजना हो । जसमा चीनले नै युरोपदेखि मध्यपूर्व र अफ्रिकासम्म कस्तो प्रकारको लगानी गर्ने र कस्तो आधारभूत ढाँचा तयार पार्ने भन्ने योजना आफैंले प्रस्तुत गरेको छ । तर भारत र जापानको मोडेल 'बटम-अप' मोडेल हुनेछ । यसमा उनीहरूले अफ्रिकी देशहरूसँग के आवश्यक छ भन्ने कुरा सोध्ने र आर्थिक विकासलाई बढावा दिने लक्ष्य निर्धारण गरिएको छ । जापान र भारतबीच महत्वपूर्ण साझेदारी बने पनि चीनविरुद्ध जापान कडा रूपमा प्रस्तुत भएको समयमा भारत पछि हट्ने आशंका जापानी सञ्चारमाध्यममा व्यक्त गरिएको छ ।

अफ्रिकामा लगानीका लागि पछिल्लो समयमा चीन अग्रसर बनेको छ । त्यसलाई टक्कर दिनका लागि जापान र भारत पनि अफ्रिका पस्ने योजनामा जुटेका हुन् । अफ्रिकामा आधारभूत ढाँचाको विकासको आवश्यकता छ । अफ्रिकाका कतिपय देशले राम्रो आर्थिक विकास गरिरहेपनि धेरैजसो मुलुक विकासको गतिमा धेरै पछि परेका छन् । सोही कारण चीनले अफ्रिकामा ठूलो लगानी गरेको छ । अफ्रिकामा चिनियाँ कम्पनीहरूले सरकारी सहयोगको रकम लगानी गरिरहेका छन् । भारत र जापानले पनि त्यसैलाई पछ्याउँदै स्थानीय क्षमताको विकासका लागि लगानी गर्न वैककल्पिक मोडेल लिएर जाने योजना बनाएका हुन् । भारतमा पछिल्ला समयमा अफ्रिकी मूलका नागरिकमाथि लगातार आक्रमण भएका घटना बाहिर आउने गरेका छन् ।

भारत अफ्रिकी देशमा आफूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन चाहन्छ । त्यति मात्रै होइन सबभन्दा प्रमुख कुरा भनेको भारतको अहिलेसम्मको चिनारी भनेको विकासका लागि सहयोग लिने देशका रूपमा रहेको छ । हालै भएको जापानी प्रधानमन्त्रीको भ्रमणमा पनि उसले जापानकै सहयोगमा बुलेट ट्रेन निर्माणको शिलान्यास गरेको हो । तर ऊ अब यसमा परिवर्तन गर्दै आफूलाई विकासका लागि आर्थिक लगानी गर्ने राष्ट्रको रूपमा आफूलाई उभ्याउन चाहन्छ । जापान प्रविधिको क्षेत्रमा धेरै अघि रहेको छ र ऊसँग संसाधनको विकास पनि पर्याप्त मात्रामा रहेको छ । सोही कारण भारत र जापान द्विपक्षीय सम्बन्धमा नयाँ भूराजनीतिक समीकरण बनाएर अघि बढ्ने प्रयासमा जुटेका हुन् । यसका पछि सबैभन्दा महत्वपूर्ण कारण भनेको एसिया प्रशान्त क्षेत्रमा चीन बढ्दो प्रभाव हो । दुवै देश चीनको बढ्दो प्रभावलाई रोक्न चाहन्छन् । चीन र जापानबीच प्रशान्त क्षेत्रमा रहेका टापुको विषयलाई लिएर र चीन र भारतबीच सीमालाई लिएर पटकपटक विवाद चल्ने गरेको छ । यस्तोमा पनि उनीहरूले एक अर्कालाई साथ दिँदै आएका छन् । यसकारण उनीहरूको यो परियोजना चीनको ओबीओआरलाई चुनौती पनि हो ।

एसियाली क्षेत्रमा चीनको विपरीत खेमामा रहेका जापान र भारतले नयाँ परियोजना अघि बढाउन खोजेका छन् । यसको प्रमुख उद्देश्य अफ्रिकी मुलुकको आमूल परिवर्तन र विकासका लागि काम गर्नुभन्दा पनि पहिले चीनले अघि सारेको वान बेल्ट वान रोडको अवधारणासँग समानान्तर परियोजना अघि बढाउनु हो । चीनको यो बृहत्तर परियोजनाबाट बाहिर बस्नुको औचित्य पुष्टि गर्न पनि उनीहरूबीच कुनै न कुनै योजना आवश्यक थियो । त्यसैकारण 'एसिया-अफ्रिका ग्रोथ करिडोर' को विकास भएको हो । चीनले जापान र भारतको बढ्दो सम्बन्ध यस क्षेत्रमा शान्ति र स्थिरताका लागि सहायक हुने तर यस प्रकारको साझेदारी काम गर्न र गुटबन्दी नगर्न आग्रह गरेको छ । भारत र जापानबीच १५ वटा सम्झौतामा हस्ताक्षर भएको छ, जसमा हिन्द प्रशान्त क्षेत्रमा सहयोग बलियो बनाउने सहमतिसमेत रहेको छ । जुन स्थानमा चीन आफ्नो भूमिकाबाट पछि हट्न चाहँदैन । चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता हुवा चुनिइङले भनेकी छन्, 'हामी यसको सम्मान गर्दछौं, किनकि देशका टकराववविना संवादका लागि खडा हुन आवश्यक छ र गठजोडको उद्देश्य कम गर्नका लागि हुनुपर्दछ ।'

*एजेन्सीहरुबाट*

## रोचक संसार

### खेत जोतेर प्रपोज



बेलायतको डेभोनमा बस्ने एक पुरुषले आफ्नी प्रेमिकालाई बिहेको प्रस्ताव राख्ने अनौठो तरिका अपनाएका छन् ।

पेशाले कृषि इन्जिनियर रहेका ३९ वर्षका टम प्लुमले आफ्नी प्रेमिका जेना स्टिम्स्सनलाई खेत जोतेर प्रपोज हानेका छन् । अझ रोचक त के भने टमले हुनेवाला ससुरा बाको खेतमा नै जोतेर प्रेमिकालाई प्रपोज गरे । टम र जेना पछिल्लो १० वर्षदेखि रिलेशनसीपमा छन् ।

लामो प्रेमसम्बन्धलाई बिहेमा ढाल्नका लागि टमले जेनाका बुवाको खेतमा जोतेरै 'म्यारी मी' भन्ने शव्दाबली लेखे । जोतेर मलाई बिहे गर भन्ने कुरा लेखेपछि उनले प्रेमिका जेनालाई बोलाए र उनका आँखा बन्द गरिदिए । त्यसपछि उनले जेनालाई आँखा खोल्न भने र आँखै अगाडिको खेतमा जोतेर म्यारी मी लेखेको ठाउँ देखाए । आफ्नो प्रेमीको प्रपोज गर्ने शैली देखेर जेना अचम्म परिन् । उनी भन्छिन् - टम खासमा खासै रोमान्टिक मानिस होइनन् । तर यसपटक उनले धेरै ठूलो काम गरे । उनले टमको बिहे प्रस्ताव स्वीकारिन ।

### कपाल काट्न एकसाथ १५ वटा कैंची

मान्छेको क्षमता पनि थरीथरीको हुन्छ । पाकिस्तानका एक व्यक्तिले हातमा एकैपटक १५ वटा कैंची समाएर १५ ओटै कैंची एकसाथ चलाएर कपाल काटिदिन्छन् । सदिक अली ३३ वर्षका छन् र उनको लाहोरमा एक सैलुन छ । उनको एकैपटक १५ कैंची चलाउने



यो शैलीका कारण उनको शैलुन निकै लोकप्रिय बनेको छ । उनको सैलुनमा गएर गज्जबको हेयर स्टाइल बनाउने चाहनामा ग्राहकको भीड लाग्छ । तर उनले दिनमा जम्मा २० जनाको मात्र कपाल काटिदिने गरेका छन् । अलीका अनुसार उनले यतिधेरै कैंची एकसाथ चलाउन ५ वर्ष लगाएर सिकेका हुन् । एकसाथ सबैभन्दा धेरै कैंची चलाएर कपाल काट्ने व्यक्तिको रुपमा गिनिज बुकमा नाम लेखाउने लक्ष्य छ उनको । हेरौं एकसाथ १५ कैंची चलाएर कपाल काट्ने यी व्यक्तिको कला ।

### खरायो खाने सल्लाह

दुनियामा केही यस्ता देश छन् जहाँ भोकमरी फैलिरहन्छ । सरकारहरुले जनताको भोकमरी हटाउनका लागि विभिन्न खाले योजना तयार गर्दछन् । भोकमरीबाट ग्रस्त एउटा देश हो भेनेजुयला । भेनेजुयला सरकारले पनि हालै भोकमरी हटाउनका लागि एउटा विशेष सरकारी योजना तयार गरेको छ । जसमा जनताहरुलाई अन्नको साटो खरायो खाने सल्लाह दिइएको छ । खरायो खान थालेपछि मानिसहरुलाई खानेकुराको अभाव हुनेछैन ।

जनतालाई तिनै खरायो खान भनिएको छ, जसलाई जनतालाई आफ्नो घरमा प्यारो जनावर साथीको रुपमा पालेका छन् । सरकारले नै भोकमरी हटाउनका लागि घरमा पालेका खरायो खान भनेपछि जनताहरु त पीडामा छन् भने खरायोहरुलाई पनि आपत् परेको छ

### अनौठो जिव

अमेरिकामा हालै आएको विनाशकारी सामुद्रिक आँधी पश्चात तिखा दाँत भएको एक रहस्यमय समुद्री



जिव देखिएको छ । एक महिलाले टेक्सासको समुद्री तटमा उक्त जिवलाई पहिलोपटक देखिन् र त्यसको तस्वीर खिचेर ट्विटरमा शेयर गरिन् । उनले उक्त फोटोसँगै ट्विट गरिन्, 'लौ ठिक छ, जिवविज्ञान ट्विटर, यो के हो यस्तो ? टेक्सासको तटमा फेला परेको ।' जिव वैज्ञानिक डाक्टर केनिथ टिघेले उक्त जिव तिखा दाँतधारी स्नेक(इल माछा भएको बताए । साथै त्यो गार्डेन इल वा कांगर इल प्रजातिको माछा पनि हुनसक्ने उनको भनाई छ । यी तिनवटै प्रजाति टेक्सासको समुद्रमा पाइन्छ । सामुद्रिक तुफानले तिव्र हावासँगै यो जिवलाई पनि हुत्याएर तटमा पुराएको हुनसक्ने अनुमान गरिएको छ । यो जिव सामान्यतया समुद्रको ३० देखि ९० मिटरको गहिराइमा बस्ने गर्दछ ।आन्ध्र महासागरमा पाइने यो जिवलाई टस्की इल पनि भनिन्छ ।

### शून्य अंकको रहस्य



शून्य अंकको सुरुवात भारतबाट भएको हो भन्ने कुराको इतिहास हामी धेरैलाई थाहै होला । यही शून्य अंककै बारेमा थप नयाँ रहस्यहरु पत्ता लागेका छन् । जसअनुसार शून्य अंक यसअघि अनुमान गरिएको भन्दा पनि धेरै पुरानो रहेछ । वैज्ञानिकहरुले हालै गरेको कार्वन डेटिङबाट शून्य अंक तेस्रो वा चौथो शताब्धीबाटै प्रयोग गर्न थालिएको पुष्टि भएको छ । यसको अर्थ, शून्य अंक अहिले सोचिएको भन्दा कम्तीमा ५ सय वर्ष पूरानो हो । बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा रहेका भारतीय कलाकृतिमध्येको बलशाली पाण्डुलिपीमा शून्य अंक लेखिएको फेला पर्यो । उक्त पाण्डुलिपी ७० भोजपत्रमा लेखिएको थियो जसमा संस्कृत र गणित लेखिएको थियो । बौद्ध भिक्षुहरुका लागि तयार गरिएको तालिम म्यानुअल थियो त्यो । सोही पाण्डुलिपिको हालै कार्वन डेटिङ गरियो । उक्त पाण्डुलिपी नवौं शताब्दीतिरको रहेको अनुमान गरिएको थियो । तर, कार्ब्रन डेटिङबाट त्यसका केही पन्नाहरु इश्वी सम्वत् २२४ देखि ३८३ बीचका रहेका पत्ता लाग्यो । अहिलेसम्म भारतको ग्वालियरको एक मन्दिरको भित्तामा लेखिएको शून्यलाई नै शून्य अक्षरको विश्वको सबैभन्दा पूरानो अभिलेखीय प्रमाण मानिएको थियो । पाण्डुलिपिको कार्वन डेटिङले चाहिँ शून्यलाई त्यसभन्दा धेरै पूरानो भएको प्रमाणित गरिदिएको छ ।

### अग्लो बालुवा महल



भनिन्छ, बालुवामा घर बनाउन सकिँदैन । तर जर्मनीले चाहिँ बालुवामै दुनियाकै अग्लो महल बनाएर कीर्तिमान कायम गरेको छ । जर्मनीले बालुवाबाट मात्रै बनेको दुनियाको सबैभन्दा अग्लो स्मारक तयार गरेर भारतले यसअघि राखेको कीर्तिमान तोडेको छ । जर्मनीले तयार पारेको बालुवाको स्मारक १६.८ मिटर अग्लो छ । यसमा ३५ सय टन बालुवा प्रयोग गरिएको छ । कालिगढहरुले यो महल बनाउन झण्डै एक महिना लगाएका थिए । १ सय ६८ वटा ट्रकले एक हप्तासम्म बालुवा ओसारेका थिए ।

### चिहानमा चिया पसल

भारतको गुजरातस्थित अहमदावादमा रहेको द न्यू लक्की रेष्टुरेन्टमा छिर्नेबित्तिकै तपाईंलाई अत्यास लाग्नेछ किनकि यो चिहानको बीचमा बनेको छ । यो रेष्टुरेन्टमा २६ वटा चिहान छन् । यिनै चिहानको बीचमा बसेर मानिसहरुले चियाकफी तथा खाजाको 'आनन्द' लिनुपर्दछ । यो चिया पसल एक टपरीबाट सुरु भएको थियो, चिहान नजिकै । अहिले चाहिँ दैनिक थुप्रै मानिसहरु यहाँ चिहानको बीचमा बसेर चियाको चुस्की लिइरहेको देखिन्छ । मानिसहरुबीच यो चिया पसल चर्चित बनिरहेको छ । ग्राहकको संख्या बढेसँगै चियापसलको आकार पनि बढ्दै जाँदा यसले चिहान भएको क्षेत्रलाई पनि समेट्नुपर्यो र पसलभित्रै चिहान पनि अटाए । हुँदा-हुँदा यो चियापसलको पहिचान नै बन्यो चिहानको बीचमा बसेर चियाकफी तथा खाजा खानु । अहिले राम्रै पर्यटकीय स्थल बनेको छ, यो ४५ वर्ष पूरानो चियापसल ।

*एजेन्सीहरुबाट*

प्रेरक

## समर्थक



रूसमा बोल्सेभिक क्रान्ति सम्पन्न हुनुअघि जार शासन थियो । जार शासनका प्रधानमन्त्री थिए बाउन्ट बिट्टे । त्यसबेला प्रधानमन्त्री बाउन्ट बिट्टेको सञ्चारमाध्यमहरूले चर्को आलोचना गरिरहेका थिए । बिट्टेले आफ्ना स्वकीय सचिवलाई बोलाएर भने- मेरा विरोधीहरूको सूची तयार गर । केही दिनमै स्वकीय सचिवले हजार जनाको सूची तयार गरेर प्रधानमन्त्री बाउन्ट बिट्टेलाई दिए । ती सबै नामहरू बाउन्ट बिट्टेका विरोधीहरू थिए ।

ती नाममध्ये मेरो प्रशंसा गर्ने कतिजना छन् ? बाउन्ट बिट्टेले सोधे । सचिवले उत्तर दिए- ' तीनजना' 'ए त्यसो भए मेरो चर्को आलोचना गर्ने पत्रकारहरूको लिस्ट तयार गर ।' सचिवले जिज्ञासा प्रकट गरे- किन आफ्नै विरोध गर्ने पत्रकारहरूको नाम चाहियो प्रधानमन्त्रीज्यू ।' बाउन्ट बिट्टेले भने- नाम प्राप्त भएपछि म उनीहरूसँग भेट गर्छु ।'

सचिवले भेट गर्न खोज्नुको कारण जान्न चाहे । प्रधानमन्त्रीले कारण खुलाए । मेरो सबभन्दा बढी आलोचना गर्ने पत्रकारलाई म सरकारी पत्रिकाको सम्पादक बनाउँछु । मेरो विरोध गर्ने वकिललाई म मेरो कानुनी सल्लाहकार बनाउन चाहन्छु । विरोधीहरूलाई स्थान दिएपछि विरोधका स्वरहरू बन्द हुन्छन् । जो जति विरोध गर्छन् तिनीहरू छिट्टै समर्थक पनि हुन्छन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ । नतिजा कमजोर हुनाले काम दोहोर्याउनुपर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन समय पर्खनुहोला ।

### बृष

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ । आसलाग्दो काम बिग्रनाले मन खिन्न हुनेछ । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । अरूको सुझावमा भर नपर्नुहोला । महत्वाकांक्षी योजना पनि तत्काल सार्वजनिक नगर्नुहोला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । मेहनत गर्दा पछिलाई फाइदा हुनेछ ।

### मिथुन

मिहिनेत परे पनि गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । विभिन्न उपहार प्राप्त हुने समय छ । केही सहयोगीहरू टाढिन सक्छन् । तापनि प्रतिद्वन्द्वीलाई हराउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा फाइदा हुनेछ । कृषिमा कामको चाप बढ्न सक्छ । चौपायामा केही समस्या देखिए पनि अर्थ उपार्जन हुनेछ ।

### कर्कट

हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

### सिंह

टाउको दुख्ने समस्याले सताए पनि कामले अरूलाई प्रभाव पार्न सकिनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । मिहिनेतले फाइदा दिलाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन् ।

### कन्या

आँटेको काममा अवरोध आउनुका साथै खर्च समेत बढ्न सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । आफ्नै कमजोरीले विवादमा परिएला । प्रतिस्पर्धामा पनि केही कमजोर साबित भइएला । आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । काममा स्थानान्तरण हुने समय छ । यात्राका लागि खर्च हुनेछ । वैदेशिक क्षेत्रबाट भने सामान्य लाभ उठाउन सकिनेछ ।

### तुला

मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । श्रमको उचित मूल्यांकन होला । दिन उत्साहवर्द्धक रहनेछ ।

### वृश्चिक

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ ।

### धनु

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । बाध्यतामा अलमलिनुपर्दा मन खिन्न रहनेछ । श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य नपाइने परिस्थिति देखिन्छ । विविध चुनौती आइलाग्न सक्छन् । अवसरवादीहरूले फसाउन सक्छन् । तापनि, उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम सम्पादन नभए पनि योजना बन्नेछ ।

### मकर

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ । गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको धन लाभ हुन सक्छ । तापनि, सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।

### कुम्भ

परिवारजनको साथले उत्साहित भइनेछ । प्रेम वा मित्रताको बन्धन कसिने समय छ । भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ । आयआर्जन राम्रै हुनेछ । कामबाट फुर्सदिलो भइनेछ भने अतिथिका रूपमा सत्कार समेत पाइने सम्भावना छ । व्यापार-व्यवसायमा लाभ हुनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ ।

### मीन

प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुन सक्छ । ईर्ष्या गर्नेहरूले समस्या पार्न सक्छन् । पहिलेका योजना गोप्य राखेर अघि बढ्नुहोला । खर्च बढ्नेछ ।

## "मिसेस ग्लोबल" को उपाधी दोर्जेलाई



सन् २०१७ को 'मिसेस ग्लोबल नेपाल'को उपाधी मिसेस दोर्जे डोल्मा गुरुङले जितेकी छन् । जमल स्थित राष्ट्रिय नाचघरमा आयोजना भएको उक्त प्रतियोगितामा उनले अन्य १८ जना प्रतिस्पर्धीलाई पाखा लगाउँदै उपाधी हात पारेकी हुन् । त्यस्तै फस्ट रनरअपमा सोनिया शर्मा अधिकारी , सेकेन्ड रनरअपमा रिना लामा र थर्ड रनरअपमा सोनिया लामिछाने घोषित भएकी छन् ।

बिबाहित गुरुङ नारीमा हुने प्रतिभालाई प्रस्फुटन गराउन र विवाहित महिलाहरुमा केन्द्रित बौद्धिकता, सौन्दर्य, आन्तरिक प्रतिभा र सांस्कृतिक सचेतनाका साथ साथै प्रतियोगीहरुको प्रतिभा निखार्दै पेसा र समाजप्रति थप जिम्मेवार एवं उत्तरदायी बनाउने उद्देश्यका साथ आयोजना गरिएको हो । "मिसेस ग्लोबल नेपाल २०१७" प्रतियोगिताको अन्य टाईटलहरुमा बेस्ट ट्यालेन्टमा रिना लामा, बेस्ट क्याटवाकमा सुजा राउत, बेस्ट पर्सानालिटीमा सुनिता थापा, बेस्ट फोटोजेनिकमा सोनिया लामिछाने, बेस्ट स्माईलमा अन्जना पौडेल, बेस्ट स्किनमा सोनिया शर्मा अधिकारी छन् ।

## "जोनी जेन्टलम्यान" को व्यापार राम्रो

शुक्रबारबाट प्रदर्शनमा आएको पल शाह र आँचल शर्मा स्टारर बहुप्रतिक्षित चलचित्र 'जोनी जेन्टलम्यान' पहिलो तीन दिन राम्रो रकम कलेक्सन गर्न सफल भएको छ । चलचित्रको पहिलो दिनको ब्यापार त्यति गतिलो बन्न नसके पनि दोस्रो दिन अर्थात् शनिबार भने आशातित व्यापार गरेको छ ।


चलचित्रले प्रदर्शनको पहिलो दिनमा चलचित्रले मोफसलबाट १७ लाख र राजधानीबाट १८ लाख कलेक्सन गरेको थियो भने शनिवार मोफसलबाट २७ लाख र राजधानीबाट २८ लाख रुपैयाँ व्यापार गरेको दावी गरिएको छ । आइतबार चलचित्रले मोफसलबाट ४ लाख र राजधानीबाट ११ लाख रुपैयाँ कलेक्सन गरेको छ । यसरी भन्दा चलचित्रले प्रर्दशनको तीन दिनमा १ करोड ५ लाख ग्रस कलेक्सन गरेको छ । नितिन चन्दको निर्देशन र एन्ड्रियु पौडेलले निर्माणमा बनेको चलचित्रमा पल शाह, आँचल शर्मा, विकास जोशी, जैन कुँवर, सन्तोष सिलवाल गिरी लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

## प्रेमगीत-२ का प्रदीपलाई कार गिफ्ट

'प्रेमगीत' नायक प्रदीप खड्काको क्रेजको चर्चा पछिल्लो समय खुबै छ । अनमोल केसीपछि युवापुस्तामाझ प्रदीपले आफ्नो बलियो उपस्थिति जनाइसकेका छन् । 'प्रेमगीत' बाट चर्चामा आएका प्रदीप अभिनित तेस्रो फिल्म 'प्रेमगीत २' गएको साउन १३ गते प्रदर्शनमा आएको थियो । 'प्रेमगीत २' बाट स्टारको रुपमा आफूलाई उभ्याएका प्रदीपलाई 'प्रेमगीत' निर्माता सन्तोष सेनले ५३ लाखको कार गिफ्ट गरेका छन् ।

आइतवार 'प्रेमगीत २' ले सफल प्रदर्शनको ५१ औं दिनको अवसर पारेर आयोजना गरेको सेलिब्रेशन कार्यक्रममा निर्माताले रातो रंगको हुन्डाईको 'क्रेटा' कार गिफ्ट गरेका हुन् । फिल्मीखबर डटकमसँगको कुराकानीको क्रममा निर्माता सेनले उक्त कारको नेपाल मूल्य ५३ लाख रहेको बताए । उनले भने, 'मैले प्रदीपलाई वचन दिएको थिए कि 'प्रेमगीत २' हिट भए ३० प्रतिशत शेयर दिनेछु । त्यही वचन पूरा गर्दै मैले उक्त कार गिफ्ट गरेको हुँ ।' कार गिफ्ट पश्चात नायक प्रदीप खड्काले सन्तोष सेनलाई अंकमाल गर्दै धन्यवाद व्यक्त गरे ।

## ऋचा "सुनकेसरी" निर्माणमा




यसै वर्षको जेष्ठ २६ गते नायिका ऋचा शर्मा निर्मित तथा अभिनित पहिलो फिल्म 'आधा लभ' प्रदर्शनमा आएको थियो । अर्पण थापा निर्देशित यो फिल्मले खासै कमाल गरेन । पहिलो फिल्मबाटै सफलता हात पारेकी नायिका ऋचाले फेरि फिल्म निर्माणमा हात हालेकी छिन् । ऋचाले अर्पणसँगको दोस्रो सहकार्यमा फिल्म 'सुनकेसरी' निर्माण गर्न लागेकी हुन् । हाल यो फिल्मको छायांकन अष्ट्रेलियामा भैरहेको छ । आइतबार सिड्नीमा आयोजित पत्रकार सम्मेलनमा फिल्मको पोष्टर सार्वजनिक गरियो ।

ऋचा शर्मालाई फिल्म निर्माणमा अष्ट्रेलियामा बस्दै आएका भीम न्यौपानेले साथ दिएका छन् । २ करोडको लगानीमा बन्न लागेको फिल्ममा ऋचा शर्मा, भीम न्यौपाने, रबिन्द्र झा लगायतका कलाकारले अभिनय गर्नेछन् । अष्ट्रेलियन दरबार बुटिक होटलका पहिलो पाहुना र भुतप्रेतबीचको गतिविधी नै फिल्मको मुख्य कथा हो । पत्रकार सम्मेलनमा बोल्दै निर्देशक अर्पण थापाले फिल्मलाई प्रविधिक रुपमा निकै बलियो बनाउन लागिएको बताए । उनले भने, 'नेपालमा हरर फिल्म हेर्ने दर्शकको संख्या ठूलो छ । तर, आजसम्म बनेका फिल्मले दर्शकका अपेक्षा पुरा गर्न सकेका छैनन् । हामीले त्यो ग्यापलाई पुरा गर्नेछौं ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Cupidity = लोभ Although he gave all what he had but he could not satisfy the cupidity of his relatives (आफूसँग भएको सबै कुरा दिँदा पनि उसले आफ्नो नातेदारहरूको लोभलाई शान्त गर्न सकेन)

Distill= शुद्धीकरण गर्नु Water can be distilled through vaporing (पानीलाई वाष्पीकरण गरी शुद्ध बनाउन सकिन्छ)

Extemporaneous = पहिले तयार नगरिएको, विना योजनाको, Extemporaneous speeches can be misinterpreted (विना तयारीको भाषणको कुव्याख्या हुन सक्छ)

Fray= सृजनात्मक वादविवाद वा रस्साकस्सी He is always eager to the fray (वादविवादको लागि ऊ जहिले पनि तम्सन्छ)

Gory = रक्तपातपूर्ण Gory massacre of Kot established Rana regime in Nepal (रक्तपातपूर्ण कोतपर्वले नेपालमा राणा शासनलाई स्थापित गरिदियो)

Heedless = वास्तै नगरेर She drove on heedless of the warning that road ahead was dangerous (अगाडिको बाटो खतरनाक छ भन्ने सूचनालाई वास्तै नगरी उनले मोटर चलाइन्)

Hedonist = मोजमज्जामात्र जीवन एक मात्र उद्देश्य हो भन्ने सोचाइमा विश्वास गर्ने मान्छे As a hedonist he considered his only his pleasure (मोजमज्जामात्र जीवन एक मात्र उद्देश्य हो भन्ने सोचाईमा विश्वास गर्ने मान्छे भएको हुँदा ऊ आफूलाई कसरी सुख हुन्छ भन्ने कुरामात्र सोच्दछ)

Inundate = पानीमा डुब्नु The cyclonic storm inundates every year the coastal part of Bangladesh (समुद्रीहुरीको कारण आउने बाढीले बंगलादेशको तटीय क्षेत्र हरेक वर्ष पानीमा डुब्छ)

Lithe = दोब्रिने, रवर जस्तै Being a gymnast, he has got a lithe figure (जिम्नास्टिक गर्ने हुँदा उसको शरीर रवर जस्तै छ)

Mores = परम्परासँग जोडिएको नैतिक मूल्य Although Sonia is Italian she follows the mores and thus wears always Indian Sari (सोनिया इटालियन भए पनि परम्परासँग जोडिएको नैतिक मूल्य कायम गर्न सारी लगाउँछिन्)

## सामान्य ज्ञान प्रश्नोत्तरहरु

विश्वमा सबभन्दा बढी जनघनत्व भएको सहर कुन हो ?
- हङकङ

दुई देशमा बाँडिएको टापु कुन हो ?
- हिसपेनिओला टापु

दुर्लभ हुलाक टिकटको लिलाम गर्ने घरलाई के भनिन्छ ?
- अक्सन हाउस

अर्थशास्त्रका जन्मदाता मानिने प्रथम व्यक्ति को हुन् ?
- आदम स्मिथ

उमेर नपुगी विवाह गरेमा महिलालाई कुन रोग हुने अनुमान छ ?
- गर्भाशय क्यान्सर

'राम्रो ज्ञान हासिल गर्न सबभन्दा पहिले व्यवहार राम्रो हुनुपर्छ' कसको भनाइ हो ?
- श्याम दिपक

परिमार्जित रूपमा दौरा सुरूवात कहिले प्रयोग भयो ?
- वि.सं. १४३७

स्वयम्भूको स्तुप कसले बनाएका हुन् ?
- गुणकामदेव

श्री ५ पृथ्वीनारायण शाहको मृत्यु कहिले, कहाँ र कति वर्षको उमेरमा भयो ?
- वि.सं. १८३१ माघ १ गते त्रिशुली गण्डकीको किनारमा ५२ वर्षमा

श्री ५ रणोद्दिप सिंह राणा कसका छोरा हुन् र उनको जन्म कहिले भयो ?
- जंगबहादुर राणा, १८८२ वि.सं.

नेपालमा पञ्चायती व्यवस्थाविरूद्ध २१ दिनसम्म अनसन बस्ने प्रधानमन्त्री को हुन् ?
- सूर्यबहादुर थापा

राजदरबारसम्बन्धी मुख्य अधिकारीलाई के भनिन्छ ?
- महाप्रतिहार

सडक निर्माणमा कैदीहरूलाई काममा लाउने अड्डालाई के भनिन्छ ?
- चपरासी अड्डा

सरकारद्वारा हरण गरिएको सम्पत्तिको व्यवस्था गर्ने अड्डा कुन हो ?
- जफटीको अड्डा

## फरक थाहा पाई राख्नुहोस्

Uneatable = खान नहुने These vegetables are uneatable because they have been washed in polluted river (यी तरकारी खान हुँदैन किनकी तिनीहरू प्रदूषित नदीमा पखालिएका हुन्)

Inedible = खान योग्य नहुनु Some mushrooms are inedible for being poisonous (विषालु भएको कारण केही च्याउहरू खान योग्य हुँदैनन्)

Unfrequented = त्यागिएको अवस्थामा हुनु This palace remained unfrequented for many years because of the presence of the ghost भुत छ भन्ने डरले गर्दा धेरै वर्षसम्म यो दरबार त्यागिएको अवस्थामा रह्यो)

Unfrequent = नियमित नहुनु His visit to his parents is always unfrequent ऊ आफ्नो आमाबाबुकहाँ नियमित रुपले जाँदैन ।

Unorganized = व्यवस्थित नभएको The files in office were unorganized कार्यालयमा फाइलहरू अव्यवस्थित थिए ।

Disorganized = सिलसिला नमिलेको His presentation yesterday was very much disorganized हिजोको उसको प्रस्तुतिको सिलसिला पटक्कै मिलेको थिएन ।

Unqualified = चाहिए अनुसारको योग्यता नपुगेको As he was unqualified, he was not shortlisted चाहिए अनुसारको योग्यता नपुगेको हुँदा ऊ अन्तर्वाताको लागि छानिएन ।

Disqualified = नियम मिचेको अभियोगमा कसैलाई कुनै सुविधाबाट वञ्चित गर्नु Some players were disqualified for having used drugs लागुपदार्थ प्रयोग गरिएको पाइएको हुँदा केही खेलाडीहरू प्रतियोगितामा सामेल हुनबाट वञिचत भए ।

Unsatisfied = चित्त बुझाउन नसक्नु Your explanation has left me unsatisfied तिम्रो व्याख्याले मेरो चित्त बुझाउन सकेन

Dissatisfied = असन्तुष्ट हुनु She is dissatisfied with her salary she is paid तिनी आफूले प्राप्त गर्ने तलवबाट ज्यादै असन्तुष्ट छिन )

## सुडोकु-अंक ७१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ९ | | | ३ | | २ | | |
| ६ | | | १ | | ४ | | | |
| | | | | | | ८ | ३ | |
| | ८ | | | | २ | | १ | ५ |
| | | | ८ | | १ | | | |
| २ | ५ | | ३ | | | | ८ | |
| | १ | ७ | | | | | | |
| | | | ९ | | ५ | | | २ |
| | | ९ | | ८ | | | ५ | ३ |

## अंक ७० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ४ | ५ | ६ | ८ | १ | ९ | २ | ३ |
| १ | ६ | ३ | ४ | २ | ९ | ८ | ५ | ७ |
| ९ | २ | ८ | ५ | ७ | ३ | ४ | १ | ६ |
| ३ | १ | ६ | ७ | ४ | ५ | २ | ८ | ९ |
| २ | ५ | ९ | ८ | १ | ६ | ३ | ७ | ४ |
| ४ | ८ | ७ | ३ | ९ | २ | १ | ६ | ५ |
| ५ | ७ | ४ | २ | ३ | ८ | ६ | ९ | १ |
| ६ | ९ | २ | १ | ५ | ४ | ७ | ३ | ८ |
| ८ | ३ | १ | ९ | ६ | ७ | ५ | ४ | २ |

# जनप्रतिनिधिहरुसँग बाल विकास समाज



छलफलमा सहभागी जनप्रतिनिधिहरू



मन्तव्य राख्दै वरिष्ठ अधिकृत प्रेमबहादुर थापा



मन्तव्य राख्दै कामनपाका विभागीय प्रमुख बद्रीबहादुर खड्का



छलफलमा मन्तव्य राख्दै बुटवल नगरपालिकाका उपमेयर रमा राई



मन्तव्य राख्दै संस्थाका महासचिव



चिल्ड्रेन पार्कमा पार्क संरक्षण समितिका पदाधिकारीहरू आफै पेन्ट गर्दै



बालबालिकाहरूलाई छलफल गराउदै स्वास्थ्य इन्चार्ज



छलफलमा सहभागी बालबालिकाहरू



बालबालिकालाई स्वास्थ्यको बारेमा बताउँदै स्वास्थ्य इन्चार्ज

### बालमैत्री स्थानीय शासनका सम्बन्धमा जनप्रतिनिधिहरूसँग अन्तरक्रिया

नेपाली बालबालिकाहरुको स्वास्थ्य, शिक्षा तथा संरक्षणका निम्ति कार्यरत बाल विकास समाजले बालमैत्री स्थानीय शासनका बारेमा एक अन्तरक्रियात्मक छलफल चलाएको छ । बालबालिकाहरुको चौतर्फी हितका लागि काम गरिरहेको संस्थाले यस्तो छलफल चलाएको हो । छलफलमा चाँगुनारायण नगरपालिकाका मेयर, बुढानिलकण्ठ नगरपालिकाका उप मेयर, बुढानीलकण्ठ नगरपालिका वडा नं. १२ का वडा अध्यक्ष तथा सदस्यहरु, काठमाडौं महा नगरपालिक १० नम्बर वडाका वडा अध्यक्ष तथा सदस्यहरु, काठमाडौं महानगरपालिका समाजिक विभागका विभागीय प्रमुख तथा ललितपुर महानगरपालिका समाज कल्याण महाशाखाका वरिष्ठ अधिकृत लगायत अन्य सँघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

छलफलको सहजिकरण बालअधिकार कर्मी चन्द्रीका खतिवडाले गर्नु भएको थियो । बालमैत्री स्थानीय शासनको बारेमा जनप्रतिनिधिहरुलाई जानकारी गराई बालबालिकाप्रति सम्बेदनसिल भएर विभिन्न बालमैत्री योजना कार्यान्वयनका लागि सहज हुने बुझाइ बाल विकास समाजको रहेको छ । विशेष गरी सहरी विपन्न वर्गका बालबालिकाहरुका लागि काम गरी रहेको सन्दर्भमा उनीहरुको सवालमा उठेका मुद्धाहरुलाई सम्बोधन गराउनका लागि पनि संस्थाले यो रणनीति अपनाएको मान्न सकिन्छ । अबको स्थानीय सरकार भनेको नै जनताबाट चुनिएर आएका जनप्रतिनिधि भएका हुनाले बालबालिकाहरुका सवालमा उनीहरुसँग छलफल गर्ने कार्यलाई महत्वका साथ हेरिएको छ । यस प्रकारको छलफलले भोलिका दिनमा स्थानीय निकायमा बालमैत्री योजना निर्माणका लागि सहज हुने र बालमैत्री योजना बन्ने कुरामा दुईमत नहोला ।

यस क्रममा चाँगुनारायण नगरपालिकाका मेयर सोम मिश्रले मेरो नगरपालिकाले बालबालिकाहरुको लागि धेरै काम नगरेको भए तापनि आगामी दिनमा बालमैत्री योजना अनुसारका कार्य गर्ने बताए । मेयर मिश्रले अन्य नगरपालिकाका तुलनामा बालबालिकाहरुका लागि काम थोरै होला तथापी महत्वका हिसावको प्रभावकारी नै भएको कुरा पनि उल्लेख गरेका थिए । बालबालिकाहरुका क्षेत्रमा काम गर्न सिक्न पर्ने कुरा धेरै भएको र यसमा बाल विकास समाजले सहजिकरण गरेकोमा संस्थाप्रति आभार प्रकट समेत गरेका थिए । आगामी दिनमा बालमैत्री योजना निमार्ण गरी बालबालिकाहरुको हित र संरक्षणमा नगरपालिका सधै लाग्ने प्रतिवद्धता समेत मेयर मिश्रले जाहेर गर्नु भएको थियो । कानुनमा भएका कुराहरुलाई स्थानीय स्तरबाट कार्यान्वयनको प्रक्रियामा लगिएन भने त्यस्को कुनै सार्थकता नहुने कुरा बताउदै सरोकारवालाहरुसँग आवश्यक समन्वय गरेर काम गर्न नगरपालिका तयार रहेको कुरा पनि उहाँले उद्घोष गर्नु भएको थियो ।

त्यसैगरी बुढानीलकण्ठ नगरपालिकाका उप मेयर रमा राईले हाम्रो नगरपालिकामा पनि त्यत्ति धेरै बालबालिका लक्षित क्रियाकलापहरु भए त छैनन तर यस बारेमा छलफल भने चलिरहेको कुरा बताउनु भएको थियो । म पनि शिक्षक लाइनबाट नै यो अवस्थामा आइ पुगेको हुनाले बालबालिका प्रति सधै सम्बेनसिल रहेको कुरा पनि उहाँले उल्लेख गर्नु भएको थियो । बालमैत्री स्थानीय शासन लागु गरी सोही अनुसार योजना बनाइ काम गर्न हाम्रो नगरपालिका तयार रहेको कुरा समेत उहाँले बताउनु भएको थियो ।

यसरी नगरपालिकाका अध्यक्षहरुले पनि मन्तव्यको क्रममा बालमैत्री स्थानीय शासनको बारेमा अझै बुझ्न धेरै बाकी रहेको र बालबालिकाका क्षेत्रमा योजना बनाइ काम गर्नका लागि लागिपर्ने प्रतिवद्धता समेत व्यक्त गरेका थिए । कार्यक्रममा ललितपुर तथा काठमाडौं महानगरपालिकाका तर्फबाट बालबालिकाका लागि सम्पन्न गरेका क्रियाकलापहरुका बारेमा प्रगति प्रतिवेदन प्रस्तुत भएको थियो । मन्तव्य कै क्रममा जिल्ला बालकल्याण समिति काठमाडौका अधिकृत देवकी आचार्यले सहरी बालबालिकाहरुमा बाल विवाह लगायतका धेरै समस्याहरु आउने गरेका र विभिन्न किसिमका श्रममा बालबालिकालाई प्रयोग गरेको भन्ने कुरा पनि आइ रहेको सन्दर्भ उल्लेख गर्दै विशेष गरी जनप्रतिनिहिरुले यस कुरामा चनाखो हुन जरुरी रहेको कुरा बताउनु भएको थियो ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका बालबालिका शाखाका अधिकृत सुशिला पौडेलले बालबालिकाका क्षेत्रमा पहिला भन्दा अहिले धेरै प्रगति भएको र मन्त्रालयले Child First को सिद्धान्तलाई अगिंकार गरेको कुरा पनि बताउनु भएको थियो । बालअधिकार महासन्धिमा नेपालले हस्ताक्षर गरेको दिनलाई स्मरण गर्दै उहाँले कामै नभएको चाँहो होइन तर कछुवाको गतिमा रहेको कुरा समेत बताउनु भएको थियो । त्यसैगरी विभिन्न सँघ संस्थाका प्रतिनिधिहरुले पनि सहरी बालबालिकाहरुका समस्याको बारेमा आ आफ्ना विचार व्यक्त गरेका थिए । सहरमा विभिन्न किसिमका अवसरहरु प्राप्त हुने भएको हुनाले बालबालिकाहरु भागेर गाँउबाट सहर आउने र विभिन्न समस्यामा फस्ने गरेको कुरा पनि छलफलमा आएको थियो । बालबालिकाहरुलाई खुल्ल । खेल्ने ठाउको अभावका कारण बालबालिकाहरु सडकमा खेल्न निस्कने हुनाले दुघर्टनामा पर्ने गरेको कुरा पनि छलफलमा आएको थियो । बालबालिकाका सवालमा स्थानीय निकायका जनप्रतिनिधिसँग घनिभूत छलफल गरी बालमैत्री स्थानीय शासन लागु गर्न सकेमा बालबालिकाहरुका समस्या निराकरणमा सहजता आउने कुरा बालअधिकारकर्मीहरुले औंल्याएका थिए ।

मौखिक स्वच्छताको बारेमा स्वास्थ्य शिक्षा

बाल कुमारी आधारभूत विद्यालयका विद्यार्थीहरुलाई लक्षित समूह बनाएर बाल विकास समाज स्वास्थ्य कार्यक्रमले कक्षा ५ का विद्यार्थीहरुको लागि मौखिक र दन्त स्वास्थ्य र स्वच्छताको बारेमा स्वास्थ्य शिक्षा दिइएको छ । कार्यक्रममा जम्मा २३ जना बाल बालिकाहरुको सहभागिता रहेको थियो भने श्रोत व्यक्तिको रुपमा स्वास्थ्य ईन्चार्ज राधिका श्रेष्ठले रहेका थिए ।

श्रेष्ठका अनुसार ज्ञान भए तापनि बाल बालिकाहरुले दन्त स्वच्छताको बारेमा धेरै उत्सुक्ता नदेखाउने र सिक्ने रुची कम राखेको कुरा महसुस गरेका थिए । यसै कारणले विशेष त क्याभिटिस (किरा लाग्नु) र दाँत झर्नुलाई विषयवस्तु बनाएर कार्यक्रमलाई अगाडि बढाईएको थियो । यस बाहेक दाँत माझ्ने शहि तरिका पनि विद्यार्थीहरुद्धारानै अभिनय गर्न लगाएको थियो । अधिकाशं बालबालिकाहरुको प्रि टिन (१० देखि १२ वर्ष) उमेरमै दाँत किरा लाग्ने कारणले यो विषय महत्वपूर्ण रहेको श्रेष्ठ बताउछिन ।

कार्यक्रममा विभिन्न किसिमका अडियो भिडियो र चित्रहरु देखाएर बाल बालिकाहरुलाई शिक्षा दिईएको थियो । यस अघि विद्यार्थीहरुलाई प्रि टेस्टको रुपमा केहि सामान्य दाँतको विषयमा प्रश्नहरु सोधिएका थिए । प्रि टेस्ट पश्चात विद्यार्थीहरुको कमजोर पक्षलाई ध्यान दिएर शिक्षा प्रदान गरिएको थियो । शिक्षा प्रदान गरेपछि फेरि एकपटक त्यही प्रश्नहरुलाई पोस्ट टेस्टको रुपमा विद्यार्थीहरु समक्ष राख्दा धेरै प्रगति भएको श्रेष्ठ मान्दछन ।

सहयोगि रितु श्रेष्ठसँग मिलेर यो कार्यक्रमलाई श्रेष्ठले विद्यार्थीद्धारा विद्यार्थीलाई सिकाउने अथवा रोल आउटको प्रयोगले सफलता दिएको छ । कार्यक्रमद्धारा विद्यार्थीहरुको धेरै कमिकमजोरीहरु थाहा पाउनुको साथसाथै कसरी यि कमजोरीहरुलाई सच्याउने भन्ने कुराको परामर्शपनि विद्यार्थीहरुले पाएका थिए ।

दाँत हाम्रो शरिरको स्केलेटल (हाड जोर्नी) सिस्टमको महत्वपूर्ण भाग हो । यसले जे चपाउँछ त्यही कुरा डाईजेस्टिभ सिस्टममा जान्छ र शरीरभरी फैलिन्छ । दाँतले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हृदय स्वास्थ्यलाई असर गरिहेको हुन्छ । खराब तरिकाले सफा गरेको दाँत बाट किटाणुहरुले मुटुमा संक्रमण गर्न सक्छ । यति मात्र नभएर दाँतमा जडित रहेका तन्त्रिकाहरुले सिधै मस्तिष्कमा पनि असर गर्न सक्छ । हामीले जति ध्यान शरीरका बाकी अंगहरुलाई दिन्छौं उत्तिकै ध्यान दन्त र मौखिक स्वच्छतालाई दिनु निकै महत्वपूर्ण रहेको कुरा श्रेष्ठले बताइन् ।

**प्रस्तुति : गोविन्द वि क/राधिका श्रेष्ठ**

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

## आर्थिक...

अर्थतन्त्रमा तेस्रो धक्काका रुपमा आएपछि यस वर्षको वृद्धि सन्तोषजनक नहुने अनुमान विश्वबैंकले गरेको हो । मुलुकको एकतिहाई क्षेत्रफल बाढीपहिरोको चपेटामा परेका थिए भने १७ लाख मानिसहरु प्रभावित भएका थिए । तराईका ८० प्रतिशत भूमि डुबानमा परेको थियो भने ४ लाख ६० हजार मानिसहरु विस्थापित भएका थिए । ६५ हजार घरहरु नष्ट गरेको बाढीले ६४ हजार हेक्टर जमिनमा लगाएको बाली नष्ट गरेको थियो । चालु आर्थिक वर्षमा कृषि क्षेत्रको वृद्धिदर २ दशमलब ७ प्रतिशत मात्रै हुने अनुमान विश्वबैंकको छ ।

## मधेसी...

र संघीय संसद तीनवटै तहको निर्वाचन सम्पन्न गर्न मार्गचित्र प्रस्तुत गरेको थियो । माघ ७ गते तीनवटै तहको निर्वाचन हुनैपर्ने संविधानको निर्देशनलाई मध्यनजर गरेर निर्वाचनको तालिका ओली सरकारले अघि सार्‍यो । तर भारत जसरी पनि संविधानलाई असफल बनाउने हर्कतमा रहेका कारण ओली सरकारको विस्थापन अनिवार्य बनेको निष्कर्षमा पुग्यो । माओवादी केन्द्रले भारतको निर्देशनबमोजिम ओली सरकारलाई दिएको समर्थन फिर्ता लियो । प्रचण्ड र देउवा आलोपालो प्रधानमन्त्री बन्ने भए । ओली सरकार ढालियो । प्रचण्डको नेतृत्वमा माओ-कांग्रेस गठबन्धन सरकार बन्यो । भारतको रोजाइ देउवा भए पनि एकैपटक उनलाई प्रधानमन्त्री बनाउन असम्भव भएका कारण प्रचण्डले दोस्रो पटक भारतको फर्मानको पालना गर्न सुरु गरे । दोस्रो संविधान संशोधन विधेयक संसदमा दर्ता गराए जुन मूलतः राष्ट्रको अहितमा थियो । तराई र पहाडलाई अलग गर्दै एक मधेस प्रदेशको आधार तय गर्ने बुँदा त्यसमा समेटियो । भूमिपुत्र थारुहरुको विरोधका कारण तराईमा दुई प्रदेशमा झर्न बाध्य भयो भारत । नागरिकताको प्रावधानलाई विधेयकले अझै खुकुलो बनायो । हिन्दी भाषालाई राष्ट्रभाषा बनाउने चोरबाटो पक्रियो विधेयकले । अंगीकृत नागरिकलाई राष्ट्रको विशिष्ट संवैधानिक पदमा पुग्ने घुमाउरो बाटो विधेयकमा समावेश गरियो । राष्ट्रिय सभाको बनावटलाई छिन्नभिन्न गर्ने बुँदा विधेयकमा प्रवेश गराइयो । नगर र गाउँपालिका जननिर्वाचित प्रतिनिधिले राष्ट्रिय सभामा मतदान गर्न नपाउने अलोकतान्त्रिक विधि तय गरियो ।

मधेसी दलहरुको माग सम्बोधनका लागि संशोधन विधेयक ल्याइएको सरकारले दलील गरे पनि अपितु यो भारतीय एजेन्डाको सम्बोधन गर्न ल्याइएको थियो । लामो समय संसदको कार्यसूचीमा नल्याइएको विधेयक शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि भोटिङमा लगियो । प्रमुख प्रतिपक्षी दल एमालेले विधेयकलाई पारित गर्न दिएन । विधेयक फेल भएसँगै भारतले मधेस केन्द्रित ६ दलको एकीकृत रुप राष्ट्रिय जनता पार्टीलाई स्थानीय निर्वाचनमा सहभागी हुन निर्देशन गर्‍यो । मधेस राज्यका रुपमा हेरिएको प्रदेश नं. २ को निर्वाचनमा राजपाले भाग लियो । यद्यपि संविधान संशोधनको मुद्दा उसले छोडेको छैन । असोज २ गते सम्पन्न प्रदेश नं. २ को निर्वाचन नतिजा यसबेला धमाधम सार्वजनिक भइरहेको छ । सत्तारुढ दल कांग्रेसले प्रारम्भिक मतगणनामा अग्रता लिइरहेको छ भने मुख्य विपक्षी दल एमाले कांग्रेसलाई पछ्याइरहेको छ । राजपा र उपेन्द्र यादवको फोरम तेस्रो बन्न प्रतिस्पर्धा गरिरहेका छन् । विगतमा पनि तराई कांग्रेसको भोटबैंक रहँदै आएको थियो । मधेसी दलहरुले आफ्नै बाबुको बिर्ता ठानेको प्रदेश २ मा उनीहरुकै कन्तबिजोग हुने देखिँदैछ । तराईमा राजपाको पराजय भारतीय एजेन्डाको पराजय हो । मधेसी जनताले संविधान संशोधनको औचित्य नरहेको निष्कर्ष दिइरहेका छन् ।

भारतीय पक्षलाई खुसी पार्न प्रधानमन्त्री देउवाले दिल्ली भ्रमणमा गएर बेप्रासंगिक रुपमा संविधान संशोधनको विषयलाई उठाएर नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेपलाई प्रश्रय दिएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको वान टु वान गोप्य वार्तामा मोदीले संविधान संशोधनका लागि दबाब दिएकै कारण देउवाले उनलाई आश्वस्त पार्न संशोधन गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरेका हुन सक्छन् । दुईतिहाई पुर्‍याएर महाकाली सन्धि जसरी नै संशोधन गर्न सकिन्छ भन्ने देउवाको दृढता देखिन्छ । हाम्रो संविधानबारे भारतीय पक्षलाई देउवाले ब्रिफिङ गर्नुपर्ने कुनै कारण थिएन । एक स्वतन्त्र र सार्वभौम राष्ट्रको प्रधानमन्त्रीले भारतका समकक्षीसँग उधारो 'प्रमिश' खाएर नेपाली जनताको स्वाभिमानलाई झुकाइदिएका छन् । प्रधानमन्त्री भएपछि दिल्ली दौडाहामा गएका प्रचण्डले नेपालको विदेश मामिलालाई भारतको तजबिजमा पारेर आए । अन्तर ाष्ट्रिय विषयमा भारतसँगै हिँड्ने प्रचण्डको प्रतिबद्धताले नेपाललाई भुटानको हालतमा पुर्‍याएको छ । सन् १९५० को कथित शान्ति तथा मैत्री सन्धिले नेपाललाई वैदेशिक मामिलामा भारतसँगै चल्न बाध्य बनाएको छ । अन्तर्राष्ट्रिय मुख्य विषयमा भारतकै दृष्टिकोण नेपालको आधिकारिक दृष्टिकोण हुने व्यवस्थाले अर्को छिमेकी मुलुक चीनलाई झस्काएको छ । भारत तिब्बतलाई चीनको अभिन्न अंग मान्दैन । धार्मिक विद्रोही नेता दलाई लामालाई खुला राजनीतिक गतिविधि गर्न दिएर भारतले चीनलाई सशंकित बनाइरहेको छ । लामाका गतिविधिलाई नियन्त्रण गर्न चीनले भारतसँग औपचारिक रुपमा आग्रह गरे पनि उसले स्वीकारेको छैन । भारत र चीनबीच दोक्लाममा देखिएको मनमुटाव फेरि ब्रह्मपुत्रमा बल्झिएको छ । नेपालले एक चीनको नीति अंगिकार गरेको छ । तिब्बतप्रति भारतीय दृष्टिकोणमा नेपाल सहमत हुन सक्दैन । इन्डो पश्चिमी गठबन्धन चीनको मानचित्रबाट तिब्बतलाई अलग गर्ने जमर्को गरिरहेको छ । भारतको अन्तर्राष्ट्रिय चासोको विषय नेपालको पनि हुन सक्दैन । नेपालको रक्षा र विदेश नीति आफैंले तय गर्ने भारतीय प्रयास लामै समयदेखि रहँदै आएको छ । कांग्रेस र माओवादी केन्द्र यी विषयमा क्रमशः नरम रुख अपनाइरहेका छन् जुन अक्षम्य राष्ट्रघातका रुपमा लिनैपर्छ ।

भारतमा नरेन्द्र मोदीले दोस्रो कार्यकाल पनि राज गर्ने संकेत देखापरेको छ । विभिन्न राज्यमा भएका विधानसभा चुनावमा भाजपाले वर्चस्व कायम गर्न सफल भएको छ । भारतीय कांग्रेस आई पन्जावबाहेक अन्य राज्यबाट बढारिएको छ । भाजपाको बढ्दो साखले विहार र उत्तरप्रदेशका क्षेत्रीय दलहरुको अ स्तत्वमाथि ग्रहण लागेको अवस्था छ । भारतीय संस्थापन पक्षको आशिर्वादबिना सत्तामा पुग्न र टिक्न नसकिने मनोविज्ञानले कांग्रेस र माओवादीमा घर गरेको छ । यही कारण कांग्रेस र माओवादी भारतको डमरु बजाइमा बाँदर नाच देखाइरहेका छन् । जुन स्वतन्त्र नेपालका लागि अत्यन्त घातक छ ।

## देशभक्त...

व्यापारघाटा कम हुने र देश आत्मनिर्भर अर्थतन्त्रको मार्गमा अघि बढ्ने भएकाले नेकपा (माले) ले त्यसैअनुरुपको आर्थिक नीति अवलम्बन गरेको बताउनुभयो ।

राष्ट्रियताको सवालमा अहिलेसम्म नेकपा (माले) कहीँ कतै नचुकेको, सदन र सडकबाट समेत संघर्ष गर्दै आएको बताउँदै वर्तमान अवस्थामा यो सन्दर्भ अझै पेचिलो भएको बताउनुभयो । क. मैनालीले पश्चिमा र भारतीय विस्तारवादका सबै खाले थिचोमिचो र अतिक्रमणबाट मुलुकलाई मुक्त गर्दै अर्ध औपनिवेशिक अवस्थाबाट पूर्ण सार्वभौम र स्वतन्त्र देश बनाउने अभिभारा समेत देशभक्त शक्तिको काँधमा रहेको बताउनुभयो । नेपालको भौगोलिक अतिक्रमण, प्राकृतिक सम्पदाको दोहन, नदीनाला र पानीमाथिको अतिक्रमण रोक्न भारतको दालभात डुकु खानेहरुले नसक्ने भएकाले सम्पूर्ण देशभक्त राष्ट्रवादी शक्तिहरु एक हुन जरुरी रहेको भन्दै महासचिव क. मैनालीले देपसा मोर्चा र मार्क्सवादीबाट मालेमा समाहित हुने सबै कमरेडहरुलाई हार्दिक स्वागत गर्नुभएको थियो ।

देपसा मोर्चाको अध्यक्षबाट नेकपा (माले) को पोलिटब्युरो सदस्यमा समाहित हुनुभएका क.सुरेन्द्र ढकालले आफ्नो अध्ययन र कार्यानुभवको पृष्ठभूमि बताउँदै नेकपा मालेसँग देपसा मोर्चाका नीति, कार्यक्रम मिलेको र राष्ट्रवादी छवि भएका नेताहरुमा सीपी मैनाली सबैभन्दा अब्बल भएका कारण उहाँको नेतृत्वमा पार्टी एकता सम्भव भएको बताउनुभयो । उहाँले भारतीय अतिक्रमण र राज्यका विभिन्न निकायमा भइरहेको रअको हस्तक्षेपको खुलेर आलोचना गर्दै ठूला पार्टीका ठूला नेता भनाउँदा समेत रअको दानापानीमा भुलेर राष्ट्रघाती बनेको बताउनुभयो । उहाँले ६ महिने मन्त्री भएर प्राडो, पजेरो महल जोड्नेहरुको सम्पत्ति छानबिन हुनुपर्ने भन्दै आफूले सम्पूर्ण सम्पत्तिको ट्रस्ट बनाएर पर्यावरणीय आन्दोलन अघि बढाउन साइकिल चढिरहेको बताउनुभयो । नेपाल प्राचीन, मध्यकालीन इतिहासमा सम्पन्न मुलुक भए पनि अहिले विश्वकै कंगाल, भ्रष्ट र प्रदूषित भएकोमा चिन्ता व्यक्त गर्दै आर्थिक विकास र सुशासनबाट मात्र मुलुकको परिवर्तन सम्भव देखेर आफू इटली, जर्मनी जस्तो विकसित मुलुकको विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेको व्यक्ति भएकाले आफूमा भएको अनुभव राजनीतिमा लगाएर मुलुक परिवर्तन गर्न सक्ने विश्वासका साथ अगाडि आएको बताउनुभयो ।

नेकपा मार्क्सवादीका पूर्व नेता तथा नेकपा मालेका पोलिटब्युरो सदस्य क. कुमार श्रेष्ठले क. सीपी मैनाली जस्तो ऐतिहासिक व्यक्तित्वसँग सहकार्य गर्ने चरम अभिलाषा पहिल्यैदेखि भएकोमा पार्टी एकीकरणपछि पूरा भएको बताउनुभयो । उहाँले नेकपा मालेको सदस्य भएर काम गर्न गौरव भएको बताउँदै सबै कमरेडहरुलाई एकताबद्ध भएर काम गर्न आग्रह गर्नुभयो । सबै एक भएमा मात्र राष्ट्रियताको संरक्षण हुने र विकृतिका जरा काट्न सकिने उहाँको धारणा थियो ।

कार्यक्रममा नेकपा (माले) का पोलिटब्युरो सदस्य क. हिक्मत देउवाले स्वागत मन्तव्य प्रस्तुत गर्दै देशलाई विखण्डनमा लैजाने, नदीनाला बेच्नेहरुका हातबाट मुलुकलाई मुक्त गर्न सम्पूर्ण देशभक्त शक्तिहरु एक हुनुपर्नेमा जोड दिनुभयो । अर्का पोलिटब्युरो सदस्य क.कृष्ण रानाको अगुवाइमा अन्तर्राष्ट्रिय गीत प्रस्तुत गरिएको थियो । तेजेन्द्र प्रसाईंद्वारा प्रस्तुत 'ओ भ्रष्टाचारी' शीर्षक कविताले हल तताएको थियो । कार्यक्रममा जनसमाजवादी पार्टीका अध्यक्ष सुवासराज काफ्लेले एकीकरणको सफलताको शुभकामना दिँदै आफ्नो पार्टीले प्रदेश सभा र संघीय संसदको निर्वाचन नेकपा मालेको हँसिया तारा चिन्हबाट लड्ने सहमति भएको बताउनुभयो ।

नेकपा मालेका पोलिटब्युरो सदस्यहरु क. गोपालमणि गौतम, क. वीरेन्द्र थपलिया, क. निलम केसी, क. पुण्य गौतम, क. अइन्द्रविक्रम नेम्बाङलगायतले आतिथ्यता ग्रहण गर्नुभएको कार्यक्रमको सभापतित्व माले संगठन विभाग प्रमुख क. डम्बर श्रेष्ठले गर्नुभएको थियो । कालिकास्थानस्थित सांस्कृतिक केन्द्रको खचाखच भरिएको हलमा भाद्र ३१ गते भएको कार्यक्रममा एकताको संयुक्त प्रेस विज्ञप्ति वाचन गरेर सुनाइएको थियो । सोही कार्यक्रममा माओवादी अगुवा कार्यकर्ताहरु समेत नेकपा माले पार्टीमा प्रवेश गरेका थिए । कार्यक्रमको सञ्चालन माले पोलिटब्युरो सदस्य तथा प्रवक्ता कुमार वेल्वासेले गर्नुभएको थियो ।

**गोविन्द विकबाट**

## लुटमा...

गर्न आवश्यक छ । जति ठूलो पार्टी त्यति धेरै सांसद । अनि त्यति नै संख्यामा सांसद विकास कोष र संसदीय क्षेत्र विकास कोष रहनुले नयाँ र साना दलहरु चुनावी प्रतिस्पर्धामा टिक्न सक्दैनन् । लोकतन्त्र धनी दलहरुको मात्र होइन, गरिब र सम्भावना बोकेका अन्य दलहरु चुनावी प्रतिस्पर्धामा आइरहेका छन् । यस्ता दलहरुको एजेन्डाप्रति जनता आकर्षित हुने र ठूला दलहरुले जोखिम मोल्नुपर्ने भएका कारण पनि सांसद विकास कोष र संसदीय क्षेत्र विकास कोषको व्यवस्था गरिएको सायदै हुन सक्छ ।

चुनावमा भूपू भइसकेका सांसदले फेरि करोडौं रुपैयाँ लिएर चुनाव लड्न जान्छन् । संसदीय व्यवस्था अन्तर्गतका हरेक निर्वाचनहरु झन्झन् महँगा हुँदै गइरहेका छन् । भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा पैसाले प्रभाव पारेको देखिएको छ । निर्वाचनलाई आफ्नो पक्षमा पार्न सांसद विकास कोष र क्षेत्र विकास कोषको रकम अवश्य खर्च हुनेछ । यस्तो अवस्थामा नयाँ दलका उम्मेदवारहरुले पैसावाल दलसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । बहुदलीय व्यवस्था भनिए पनि विस्तारै मुलुक द्विदलीय व्यवस्थातर्फ घस्रिँदैछ । कांग्रेस एमाले माओवादी फोरम राजपा राप्रपा मात्र चुनावमा लडिरहेका देखिन्छन् । यिनमा पनि मुख्य प्रतिस्पर्धा कांग्रेस र एमालेबीच हुने गरेको छ । स्थानीय चुनावमा यस्तै देखियो । अब प्रदेश र संघीय संसदको चुनावमा पनि यही दृश्य देखिनेछ । सांसद विकास कोष र संसदीय क्षेत्र विकास कोषको करोडौं रकम लिएर चुनाव लड्न जानेहरुसँग विचार लिएर चुनाव लड्न जानेहरु निरीह बन्नेछन् ।

सांसद विकास कोषको ५० लाख रकम सांसद आफैंले मनखुसी खर्च गर्छन् भने क्षेत्र विकास कोषको रकम पनि उनकै इच्छानुसार खर्च हुनेछ । यस्तो हुनु कोषको घोर दुरुपयोग हो । कुनै विकासे काममा १० लाख खर्च गरेर ५० लाख भयो भन्दा भइगयो । सांसदलाई यस्तो रकमले एकातिर भ्रष्ट बनाउँछ भने विकास र निर्माणका कामहरु जनआवश्यकता अनुसार होइन सांसदको स्वविवेकमा भरपर्नेछ । जनताले तिरेको करमा यसतो मनमौजी रजाइँ हुनु लोकतन्त्रको उपहास हो । यी दुवै कोषलाई खारेज गरेर स्वास्थ्य निर्वाचन प्रक्रियातर्फ सरकारले ध्यान दिनुपर्छ । कोषको करोडौं रकम लिएर चुनाव लड्न जाने वर्तमान परिपाटीको अन्त्य गरिनुपर्छ । बरु यस्ता कोषका रकम सरकार आफैंले कुनै हाइड्रोपावरमा लगानी गरे भारतबाट महँगोमा बिजुली किन्न त पर्दैन ।

## न्यायालय...

पत्राचार गरेको छ । मिश्र ०७१ साल जेठमा भक्तपुरको जगाती चोकबाट पक्राउ परेका थिए । दुतावासको पत्राचारका आधारमा राजस्व अनुसन्धान विभागले उनलाई धरौटीमा छोडेको थियो । भारत वृन्दावन मथुरा निवासी मिश्र हाल फरार छन् । प्रतिवादी पक्राउ परी अनुसन्धानका क्रममा रहेका समयमा अनुसन्धानलाई प्रभाव पार्ने गरी भारतीय दुतावासले लेखेको पत्रमा भक्तपुर जिल्ला अदालतले चेतावनीको भाषामा आइन्दा हस्तक्षेप हुने कुनै कार्य वा पत्राचार नगर्न पूर्ण फैसलामार्फत भनेको छ । संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र हस्तक्षेपमुक्त न्यायपालिकाको पक्षमा भक्तपुर जिल्ला अदालतले साहसिक निर्णय सुनाएको छ । भारतीय नागरिक मिश्रबाट ट्राभल्स चेक, ७१ हजार ९४० अमेरिकी डलर चिनियाँ युआन ५० हजार बरामद भएको थियो । राजस्व विभागको अनुसन्धानपछि मिश्रविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय भक्तपुरले विदेशी विनियम ऐन २०२९ अन्तर्गत मुद्दा चलाएको थियो । तर मिश्रलाई ७५ लाख धरौटीमा छोडेर विभागले अनुसन्धानको फाइल जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको थियो ।

दुतावासको पत्रले कूटनीतिक सीमा त नाघेको छ नै नेपालका निकायहरु कति निरीह छन् भन्ने समेत प्रस्ट पारेको छ । परराष्ट्र, गृह, विभाग जस्ता निकाय दुतावासको पत्र बोकेर अदालत जानु लज्जास्पद छ ।

## बालबालिका...

सामुदायिक विद्यालयहरुले गुणस्तरीय शिक्षा प्रदान गर्न सकेमा मात्रै देशको सामाजिक आर्थिक विकास हुन सक्नेदेखि आफ्नो प्रतिष्ठानले सामुदायिक विद्यालयहरुलाई सहयोग गर्ने गरेको र राम्रो गरेमा भविष्यमा पनि प्रतिष्ठानबाट सहयोग हुने प्रतिवद्धता जाहेर गर्नुभयो ।

उक्त अवसरमा धन्यवाद ज्ञापन गर्दै विद्यालयका प्रधानाध्यापक सुदर्शन लामिछानेले आफूहरुले विद्यालयको उन्नतिका लागि विभिन्न कार्यहरु गरेको र भविष्यमा पनि गरिरहने बताउनु भयो । सभाको अन्त्य विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामहरि सापकोटाले गर्नुभएको थियो ।

तेस्रो धार

**प्रा.डा. डिल्ली ओली**

# बडादसैं र शक्तिपीठहरूको महत्व



खगोल, ज्योतिषि र मौसम अनुसार वर्षमा चारवटा दशैं हुन्छन् । यी शारदीय, हैमन्तिक, वासन्तिक र ग्रिष्मीय हुन् । शारदीय नवरात्रमा देवी व्युँझने, हैमन्तिकमा भोजन ग्रहण गर्ने, वासन्तिकमा सुत्ने र ग्रिष्मीयमा कोल्टे फेर्ने मुहुर्त हुन् । चारवटा दशैंमध्ये शारदीय नवरात्रलाई ठूलो दशैं र ग्रिष्मीयलाई सानो दशैं भनेर सम्बोधन गरिन्छ । नवरात्र (नौवटा रात्र) विभिन्न नौ देवीसँग सम्बन्धित छन् । रात्र शब्द तमोगुण हटाउने विषयसँग पनि सम्बन्धित छ । साथै तान्त्रिक उपासना पूजा आदि पनि रात्रसँग जोडिएका छन् । देवीलाई शक्ति मानिएको छ । जस्को विषय कार्य उत्पादन सामर्थ्य वा सृष्टिसँग छ । शक्ति उपासनामा कौलाचार र समयाचार पद्धति हुन्छ । कौलाचार पद्धतिमा पनि पूर्व र उत्तर कौल छन् । यिनमा वस्त्र, उद्योत्रिकोणयुक्त धातुकोपाताको प्रतिकको पूजा हुन्छ । दशैं पूजामा पीठको महत्व हुन्छ ।

दशैंलाई विभिन्न नामले सम्वोधन गरिन्छ । नवरात्र विजयादशमी, बडादशैं, दुर्गा पूजा आदि विभिन्न नाम छन् । सबैतिर दशैंलाई विजयादशमी भनेर सम्वोधन गरेको पाइन्छ । यो सम्वोधनले आश्विन शुल्क दशमी एक दिनलाई मात्र बुझाउँछ । यो दिन रामले रावणको वध गरेको दिनको रुपमा मानिन्छ । नवरात्र माथि उल्लेख गरिएको विषयको साथै आश्विन शुक्ल प्रतिपदादेखि नवमीका रात्रसम्मको समय हो । यसमा नौवटा देवीहरु क्रमशः शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुश्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदातृको पूजा आराधना उपासना हुन्छ । दशैं अवसरमा भारतमा रामलीलाको ठूलो महत्व छ । वर्तमानमा यो नेपालमा पनि प्रवेश गरिसकेको छ । दशैंमा बंगालमा कालीपूजा हुन्छ । नेपालमा समष्टिमा देवी दुर्गाको पूजा हुन्छ । नवदुर्गामा महाकाली, महालक्ष्मी र महासरस्वतीको त्रिकोणात्मक उपस्थिति छ । यी तिनैको शक्ति महालक्ष्मीमा हुन्छ । जस्लाई दशैंमा दुर्गाको रुपमा पूजा उपासना गरिन्छ । पछिल्लो समय नवदुर्गाबाट विकसित भएको दशमहाविद्या-काली, तारा, त्रिपुरासुन्दरी, भुवनेश्वरी, छिन्नमस्ता, त्रिपुर भैरवी, धुमावती, बंगलामुखी, मातंगी, कमलाको पनि तान्त्रिक पद्धति अनुसार पूजा हुन्छ । दशमहाविद्या, नवदुर्गाको पूर्वरुप अष्टमातृका हुन । नेपालका विभिन्न ठाउँमा कतै अष्टमातृका कहीँ नवदुर्गा र कहीँ दश महाविद्यालाई भवानी दुर्गाकै रुपमा पुज्ने परम्परा छ । यो नेपाली संस्कृतिको सवल पक्ष हो । यिनका पूजा उपासना विधिमा केही भिन्नता देखिए पनि सबैतिर परम्परागत शास्त्रीय र तान्त्रिक पद्धतिअनुसार नै हुने गर्दछन् । यस्को पुष्टि नेपालका शक्तिपीठ, कोट, मौला, घरमा हुने अनुष्ठानबाट हुन्छ । ठाउँअनुसार केही सामान्य भिन्नता हुनु स्वभाविकै हो । तिनमा स्थानिय समुदाय, भौगोलिक, सामाजिक र जातीय अवस्था, परम्परा, इतिहास निर्देशन, परिवर्तित् परिस्थिति स्थानीय र तात्कालिक कारण प्रमुख छन् ।

नेपाली दशैंमा खस र आदिवासी संस्कृतिको अन्तरमिलन छ र दुवैको संस्कृतिलाई समन्वय गरी विकसित गरिएको छ । यो रुप नवदुर्गामा देख्न सकिन्छ । किनभने कर्णाली क्षेत्रमा बाहुन क्षेत्री, गण्डकी क्षेत्रमा मगर, गुरुङ, भित्री मधेशमा राजी, बोटे, खुना र तराईमा उपस्थिति र प्रमान हुन्छ शक्तिपीठहरुमा । त्यहाँका मन्दिरमा उनीहरुकै पुजारी हुन्छन् । त्यतिमात्र होइन विभिन्न ठाउँका दरबार, कोटघर, मौलामा उनीहरुको प्रभावकारी भुमिका हुन्छ । दशैं रणकौशल र युद्ध अभ्यासको अवसर हो । हाम्रो स्वभाव, चलन, वर्तमानलाई मात्र हेर्ने छ । विगतको इतिहास, संस्कृति, परम्परा भुल्दा राष्ट्र परिचयको कस्तो विजोग हुन्छ भन्ने तमाम दृष्टान्तहरु छन् । दुर्गा स्थापनामा देवीका आयुध - खड्ग, खुँडा,खुकुरी, तरवारको साथै उनको प्रसाद जमरा राख्ने चलन छ । नवरात्रकी दुर्गा घट, पट, चित्तकी प्रतिक हुन् । आश्विन शुक्ल प्रतिपदाको दिन (जो घटस्थापना भनिन्छ) हरेक घरमा दशैं स्थापना गर्ने चलन छ । यस्मा देवीका प्रतिमा, घण्ट, शंख अन्य हतियार र जमरा राख्ने चलन छ । टीका, जमरा हातहतियार, बलीसहित देवीको पूजा उपासना पुरानो चलन हो नेपाली दशैंको । यी सामग्रीहरु धार्मिक, मनोवैज्ञानिक परम्परागत, सुरक्षा, समृद्धि र स्वास्थ्यसँग सम्बन्धित छन् र यिनले गम्भीर प्रतिकात्मक अर्थ बोकेका छन् । दशैंमा टीका, जमरा, सम्मान र आशिर्वचनको ठूलो महिमा हुन्छ । टीका सौभाग्य र श्रीवृद्धिको प्रतिक हो । टीकामा रातो रंग, दही, चामल हुन्छ । यो नेपाली टीका हो । जमरामा तमाम प्रकारका असाध्य रोग निर्मूल गर्ने रसायन भएको सर्वस्वीकार्य कुरा हो । दही सौभाग्य, समृद्धि र निरोगितासँग जोडिएको छ । रातो रंग वीरताको प्रतिक हो । त्यस्तै चामल महत्वपूर्ण खाद्य वस्तु हो । दशैंमा टीका लगाउँदा ठूलाले सानालाई आशीर्वाद दिँदै- आयुद्रोण सुते.....मन्त्रमा प्रतिबिम्बित सामग्री नै टीका जमरामा अन्तनिहित हुन्छ । टीका लगाउने पनि भृकुटी वा आज्ञाचक्रमा हो । त्यसैगरी नौ वटा देवीको नामोच्चारण शक्ति उपासना र स्त्री शक्तिको सम्मान हो ।

दशैं शासकीय स्वरुपको प्रतिक हो । विगत हाम्रो समाजमा विभिन्न स्वरुप, आका रप्रकारका राज्यहरु हुन्थे । सबैका विशेषता समान जस्तै थिए । त्यतिबेला दरबारलाई कोट पनि भनिन्थ्यो । दरबारको प्रांगणमा मौलो राख्ने चलन थियो । वर्तमानमा पनि यस्ता दृष्टान्तहरु हामीसँग छन् । त्यतिबेला मौलो राज्य शक्तिको प्रतिक थियो । मौलोको अर्थ सर्वोच्च हो । यस्लाई नेपाल भाषामा क्वांठ भनिन्छ । उहिले यसको पूजा गरेर मात्र दशैंको स्थापना हुन्थ्यो दरबार र घरभित्र । त्यतिबेला राज्यका आकार खुम्चने बढ्ने भैरहन्थे । यस्तो अवस्थामा मौलो पूजा, कोटपूजा, शक्तिको प्रतिक, देवीपूजा, दशैंस्थापना, खुकुरी, खुँडा, तरबार, ढाल र सैनिकको व्यवस्था अत्यावश्यक मानिन्थ्यो । त्यसबेलाको दशैं परम्पराका अवशेषहरु वर्तमानमा पनि विभिन्न ऐतिहासिक दरबार, थुम खुवा आदिमा देख्न सकिन्छ । त्यसबेला शासकीय क्षमता, योग्यता, अनुभव र गुणअनुसार समाज संचालित थियो । विभिन्न गढी गौडाहरु बडाहाकिम अनि जिम्मावाल, पटवारी, मुखिया, तालुकदार, जेठाबुढा, घाटबुढा आदिका विभिन्न तालुकर अम्वल हुन्थे । दरबार, कोटघर, शक्तिपीठ अपायक ठाउँमा भए यिनको प्रतिनिधित्व स्थानीय तहमा उपर्युक्त शक्तिहरुले गर्दथे । त्यसबेलाका दरबार, कोटघर, शक्तिपीठहरुले सबैलाई जोड्ने काम गर्दथे । त्यो बेला युद्धको समय थियो । त्यसका लागी दशमीको टीकाको साइत पर्खेर बस्ने चलन थियो । वर्तमानमा पनि हरेक कार्यको थालनीको लागी टीकाको दशमीको साइत महत्वपूर्ण मानिन्छ । दशैंमा देवी दुर्गालाई बली दिने चलन छ । यो युद्धको मानसिक तयारीको लागी हो । हाम्रो परम्परा इतिहास र संस्कृतिले यही संकेत गर्दछ । बली तन्त्रसँग जोडिएको पनि छ । अझ नवमीको दिनमा बाइस अंगुल सिङ भएको सतार रांगोको बली दिने चलन हो । त्यो मारहान्ने व्यक्तिलाई जोधा भनिन्थ्यो । संसारका सबै सभ्यता धर्म, परम्परा, संस्कृतिमा बलि दिने चलन पार्दछ । यो शक्ति आर्जनसँग पनि जोडिएको छ । नेवाहरुमा टीका पनि खड्ग जात्रा हुन्छ । यस्को अन्तरनिहित अर्थ पनि माथि उल्लेखित विवरण जस्तै हो । यो शाक्त परम्परा हो । यही समयमा पश्चिमतिर सरायो खेल्ने चलन पनि छ । यसमा गाउँका सबै जम्मा भएर खुकुरी, तरबार, भाला, ढाल, लट्ठी लिएर एकापसमा युद्धको अभ्यास गर्दछन् । त्यसै गरी दशैंमा रागमालश्री गाउने चलन पनि मौलिक नेपाली चलन हो । मालश्री रागको नाम हो । यसमा विभिन्न युद्धको वर्णन र देवी स्तुति हुन्छ । साथै विभिन्न गाथा गाउने, खाँडो जगाउने पनि दशैंको समयमा नै हो । यिनको सम्बन्ध पनि शक्ति आर्जन र शक्तिपूजासँग सम्बन्धित छ । पश्चिम नेपालका थारुहरुले यो समयमा देवीस्तुती, दङगीशरणगाथा, महाभारतगाथा प्रस्तुत गर्दछन् । यिनको अर्थ पनि त्यही हो । मूलतः शक्ति र तन्त्रसँग बली सबन्धित भए पनि वर्तमानमा यसको विपक्षमा आवज उठिरहकोले यो पक्षलाई पनि संवोधन गर्नुपर्ने देखिन्छ । किनभने परम्परामा सैद्धान्तिक र व्यावहारिक दुवै पक्ष हुन्छन् ।

नेपाल उपत्यकामा काठमाडौंलाई अष्टमातृका प्रधान शहर भनिन्छ । काठमाडौं मुख्य सहरको निर्माण र विकास खड्ग आकारमा भएको बताइन्छ । यहाँको केन्द्रीय मार्ग इन्द्रचोक मानिन्छ । त्यस्तै भक्तपुर नवदुर्गा प्रधान शहर मानिन्छ । यस्को निर्माण शंख आकारमा भएको छ । यस्को केन्द्रीय भाग भक्तपुर दरबारक्षेत्रको त्रिपुरासुन्दरी हो । जहाँ उर्ध्व त्रिकोणात्मक कुँदेको ढुंगा छ । पाटन शहरको निर्माण स्वस्तिकाकारमा भएको छ । यहाँको केन्द्रीय भाग मंगलबजार हो । यहाँको स्वस्तिकाकारको बनावट बाटोले दिन्छ । तिनै शहरमध्ये तन्त्रको विकास पाटनमा भएको हो । यहाँको बाहिरी घेरामा अष्टमातृका छन् र दशमहाविद्याका दशवटा शक्ति छन् । यसरी सभ्यताको अति प्राचीन ठाउँ नेपाल उपत्यका नै शक्ति प्रधान छ जहाँ जीवित शक्ति (कुमारी)को प्रभाव र महत्व पनि त्यही स्तरमा छ ।

दशैं भेटघाट मनोरञ्जन, खानपिन फुर्सदको समय हो । आफ्नो घरबाट टाढा गएका विदेशिएका, जागिरमा लागेका, विद्यार्थी, श्रमिक सबै दशैंलाई केन्द्र मानेर घर, गाउँ फर्कन्छन् । सबै एकाआपसमा भेटघाट, रमाइलो गर्ने चलन छ । यो स्वजन, मित्र, नाताकुटुम्बको मिलनको अवसर पनि हो । दशैंमा सबै आफ्ना मान्यजन कहाँ गएर टीका थाप्नु, आशिर्वाद लिनुले ठूलो महत्व राख्दछ । यो नेपाली सभ्यता र संस्कृतिको बिशिष्ट प्रतिक हो ।

दशैं खगोल भूगोलले पनि मिलाएको पर्व हो । वर्खा सकिएको हुन्छ । न गर्मी न जाडोको समय, सफा आकास, खेतिपातीको समय पनि भैनसकेको गीतै छ- तारा राम्रा असोजैका जुन राम्रा पूर्णेका भन्ने । मैसम त्यसै राम्रो, खोला नाला पनि तराउ किसिमका हुने, फूल फुल्ने समय, उपयुक्त मौसम यी सबै दशैंसँग जुध्नु संयोग मात्रै होइन । त्यस्तै दशैं पर्व जनाउदिन चंगा उडाउने परम्परा पनि छ । यस्को संकेत पानी नपरोस् भन्ने हो । साथै दशैंमा पिङ खेल्ने परम्परा पनि छ यसको लौकिक र पारलौकिक अर्थ छ । हरेक व्यक्तिले वर्ष दिनमा एकपटकसम्म भए पनि पिङ खेल्नु पर्दछ, भुइँ छोड्नु पर्दछ भन्ने धारणा छ । यसरी बहुआयामिक पक्ष समेटेको दशैं नेपाली समाजको विशिष्ट पर्व हो । केही समय यता एन.जी.ओ, आइ.एन.जी.ओ मार्फत अन्य क्षेत्र जस्तै दशैंप्रति बितृष्णा जगाउने गतिविधि भित्र, बाहिरबाट भइरहेको छ । दशैंलाई शक्तिको कामना, उर्जा संजयको अवसर, सफलता, श्रीवृद्धि र नयाँ अवसरको थालनीसँग जोडिएको पर्वको रुपमा लिनु विवेकशील व्यक्ति र समाजको कर्तव्य र दायित्व दुवै हो ।


# भिन्तुना ! भिन्तुना

**२०७४ सालको विजयादशमी, शुभ दीपावली, म्हःपूजा, नेपाल सम्बत् ११३८ को उपलक्ष्यमा समस्त नेपालीहरुमा सुस्वास्थ्य, समृद्धि, सामाजिक सद्भाव र राष्ट्रिय एकताको निम्ति शुभकामना व्यक्त गर्दछु ।**

**सिद्धिनारायण महर्जन**

सदस्य, समाज कल्याण परिषद, अध्यक्ष, बानेश्वर एकता समाज,
संयोजक, प्रगतिशील नेवाः दगु, सम्पर्क नं. ९८४१२५१५४४